का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ५१
❒ ११ चैत्र २०७६, मंगलबार
❒ 24 March 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# नेपाल 'लकडाउन'

**मंगलबार बिहान ६ बजेबाट लागु हुनेगरी एक हप्तासम्म अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाट निस्किन पाइने छैन् । औषधि उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर नकिस्किन सरकारले आग्रह गरेको छ ।**



- ❒ अत्यावश्यक काम बाहेक घर बाहिर निस्किन नपाइने
- ❒ स्वास्थ्य, सुरक्षा र अनुमति प्राप्त सवारी मात्र चल्ने
- ❒ अत्यावश्यक बाहेक सम्पूर्ण सरकारी कार्यालय बन्द
- ❒ श्रमिक र कर्मचारीलाई विदा दिने
- ❒ कालोबजारी गर्ने, कृत्रिम अभाव देखाउनेको सामान जफत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत

सरकारले मंगलबारबाट पूर्ण रुपमा 'लक डाउन' गर्ने निर्णय गरेको छ। सोमबार बसेको कोभिड–१९ संक्रमण रोकथाम तथा नियन्त्रण उच्च स्तरिय समन्वय समितिले मंगलबारबाट एक हप्ताका लागि 'पूर्ण लक डाउन'को निर्णय गरेको हो । मंगलबार बिहान ६ बजेबाट लागु हुनेगरी अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाट निस्किन पाइने छैन्। औषधि उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर नकिस्किन सरकारले आदेश दिएको हो ।

सरकारले अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी र सुरक्षा निकायले प्रयोग गर्ने बाहेका सम्पूर्ण सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाउने निर्णय पनि गरेको छ । हवाई उडानहरु पनि बन्द भएका छन्। सुरक्षा निकायले प्रयोग गर्ने वायुयान र तोकिएका अन्य उडानहरु बाहेक सबै आन्तरिक व्यवसायिक उडानहरु बन्द गर्ने निर्णय सरकारले गरेको हो ।

नीजि क्षेत्रका उद्योगहरु तथा कलकारखानामा कार्यरत श्रमिक, कर्मचारीलाई सम्बन्धित उद्योगले विदा दिने व्यवस्था मिलाउन पनि निर्देशन दिएको छ । औषधि तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दुध, इन्धन उत्पादन गर्ने उद्योग बाहेक नीजि क्षेत्रबाट सञ्चालित उद्योगमा कार्यरत कार्मचारीहरुको विदा मिलाउन निर्देशन दिएको हो । यसैगरी स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दुरञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारीहरु मत्र उपस्थित हुने गरी सम्बधित कार्यालय प्रमुखले विदा दिने निर्णय पनि भएको छ ।

सरकारले औषधि र औषधिजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्न व्यवसायीहरुलाई निर्देशन दिएको छ । अभाव देखाएर मुल्य वृद्धि गर्ने, कालोबजारी गर्ने, जम्माखोरी गर्ने वा लुकाएर आपूर्तिमा अवरोध गर्नेलाई प्रचलित कानून अनुसार नियन्त्रणमा लिने र सामग्री जफत गरी वितरण गर्ने निर्णय पनि सरकारले गरेको छ। जारी आदेशको कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने निर्णय पनि बाँकी पृष्ठ २ मा

## फ्रान्सबाट फर्किएकी युवतीमा संक्रमण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत्र

काठमाडौंकी १९ वर्षीय एक युवतीमा कोरोना भइरस (कोभिड-१९) पोजेटिभ देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले युवतीमा कोरोना देखिएको पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। सोमबार स्वास्थ्य मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयले पढाइको शिलशिलामा फ्रान्स पुगेकी १९ वर्षीया युवती कतारको दोहा हुँदैं काठमाडौं फर्किएको र उनमा कोरोना देखिएको स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाले बताए । उनको टेकु अस्पतालमा उपचार भइरहेको र अहिले अवस्था सामान्य रहेको उनले बताए ।

फ्रान्समा कोरोना भाइरस (कोभिड–१९) को संक्रमण बढ्दैं गएका बेला उनी एक भियतनामी साथीसँगै दोहासम्म आएकी थिइन् । दोहाबाट उनी काठमाडौं आइन् । ४ चैत्रमा घर फर्केपछि 'सेल्फ क्वारेन्टाइन'मा बसेकी उनी शुक्रबार शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. सागर राजभण्डारीसँग सम्पर्कमा पुगेकी थिइन् ।

अघिल्लो साँझ उनको भियतनामी साथीले गरेर आफू क्वारेन्टाइनमा रहेको र परीक्षण गर्दा कोभिड–१९ पोजेटिभ देखिएको जानकारी दिन्छन् । सँगै आएको साथीमा कोभिड–१९ पोजेटिभ भएको जानकारी पाएपछि डा. राजभण्डारीले उनलाई अस्पताल बोलाएर 'थ्रोड स्वाब' जाँच गर्न लगाए । शुक्रबार बाँकी पृष्ठ २ मा

## छुट्न थाले कैदीबन्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन

सर्वोच्च अदालतको आदेशानुसार कैदीबन्दीहरु छुट्न थालेका छन् । कोरोना भइरसको संक्रमणलाई ध्यानमा राखी सर्वोच्च अदालतले एक वर्ष वा सोभन्दा बम कैद सजाय सुनाइएकाहरुलाई छोड्न आदेश दिएको थियो । शुक्रबार सर्वोच्चले उक्त आदेश दिएपछि सोमबारबाट कैदीबन्दीहरु छुट्न थालेका छन्।

पहिलो चरणमा सोमबार देशभरका जिल्ला प्रशासन कार्यालयले अभद्र व्यवहार मुद्दामा कारागारमा रहेकाहरुलाई छाडिएको कारागार व्यवस्थापन विभागले जनाएको छ। सोमबार डिल्लीबजार कारागारबाट १५ जना, ललितपुरले नख्खु कारागारबाट ५ जना छुटेका छन् । सर्वोच्च अदालतको आदेशपछि थुनुवा छाड्ने प्रक्रिया अगाडि बढाइएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले जनाएका छन् ।

उनका अनुसार अभद्र व्यवहारमा जिल्ला बाँकी पृष्ठ २ मा

## राजदूतमा पाण्डे अनुमोदित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत

लामो समयदेखि चर्चामा रहेको अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) र विवादीत भूमि लिपुलेकको विषयमा संसदीय समितिमा कुरा उठेको छ। विश्व कोरोना संकटसँग जुधिरहेका बेला राजदूतको नाम अनुमोदन गर्न बसेको संसदीय सुनुवाई समिति (संयुक्त) मा एमसीसी र लिपुलेकको कुरा उठेको हो । चीनका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन गर्न बसेको बैठकमा सांसदहरुले एमसीसी र लिपुलेकका विषयमा चर्चा गरेका हुन् ।

चीनका लागि प्रस्तावित राजदूत महेन्द्र बहादुर पाण्डेलाई सांसदहरुले चीन र अमेरिकाको सम्बन्ध कसरी सन्तुलित बनाउनु हुन्छ ? लिपुलेकको विवाद समाधानका लागि चीनसँग कसरी कुरा गर्नुहुन्छ ? भन्दै प्रश्न गरेका थिए । पाण्डे परराष्ट्रमन्त्री रहेका बेला चीन र भारतबीच लिपुलेकलाई व्यापारिक नाका बनाउने विषयमा समझदारी भएको थियो । त्रिदेशिय भन्सारमा नेपालको सहभागिताबिना दुई देशले व्यापारिक सम्झौता गरेको विषयलाई कसरी समाधान गुर्नहुन्छ भन्ने विषयमा कांग्रेस सांसद पुष्पा भुसालले जिज्ञासा राखेकी थिइन् ।

उनले भनिन्, 'सन् २०१५ मा लिपुलेकलाई व्यापारिक नाकाका रुपमा अगाडी बढाउन चीन र भारतबीच सम्झौता भएको थियो । त्यहाँ नेपालको भूमि जोडिएको भएपनि नेपाललाई बेवास्ता गरियो । संम्झौता संशोधन गरेर नेपाललाई समेत महत्वपूर्ण पक्षको रुपमा उभ्याएर कसरी अगाडी बढाउनुहुन्छ ?' नेपालको भूमि जोडिएको क्षेत्रलाई बाँकी पृष्ठ २ मा

## भिडियो कन्फ्रेन्समा खाडीका राजदूतले के भने ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत

खाडी र अफ्रिकी मुलुकमा रहेका नेपाली राजदूतहरूले नेपाली कामदारहरू सुरक्षित रहेको जानकारी दिएका छन् । सोमबार दिउँसो परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवसँगको भिडियो कन्फरेन्सका क्रममा खाडी र अफ्रिकास्थित नेपाली राजदूतहरूले यस्तो जानकारी दिएका हुन् ।

केही मुलुकका रोजगारदाताहरूले सुरुमा नेपाली कामदारहरूलाई फरक व्यवहार गर्न खोजे पनि कोरोना भाइरस (कोभिड-१९) संक्रमण विश्वव्यापी भएको स्पष्ट भएपछि मानवीय संवेदनाका आधारमा खानपान, स्वास्थ्य तथा आवासको प्रबन्ध गरेको जानकारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री यादवले मध्यान्ह राष्ट्रिय दैनिकलाई दिए ।

मन्त्रालयका सचिवहरू, उच्च अधिकारी तथा विभागीय प्रमुखले विभिन्न पेसा व्यवसाय गरेर खाडी तथा अफ्रिकी देशमा बसिरहेका नेपालीहरूको अवस्थाबारे राजदूत र नियोग प्रमुखसँग छलफल गरेका थिए। नेपालका दुई मन्त्री सचिव तथा विभागीय मन्त्रीहरू एकै ठाउँमा बसेर नेपाली कामदार र कर्मचारी तथा अन्य व्यवसायीका बारेमा जानकारी लिएको घटनाले कामदारहरूका समस्या समाधान गर्न नियोगहरूलाई उत्प्रेरित गरेको मन्त्री यादवको भनाइ छ ।

लाखौं नेपाली वैदेशिक रोजगारीका लागि खाडी तथा मलेसियामा रहेका भए पनि बहराइनमा ३ र युएईमा २ जना नेपाली कोरोना भाइरसबाट संक्रमित भएको सार्वजनिक भएको छ ।

कन्फरेन्सका क्रममा राजदूत र दूतावासका कर्मचारीहरूलाई आ-आफ्ना देशका सरकार, रोजगारदाता र नेपाली समुदायसँग निरन्तर सम्पर्कमा रहन, आवश्यक सहयोग पुऱ्याउन र स्थितिको गम्भीरताका साथ आकलन गरी रिपोर्ट गर्न परराष्ट्रमन्त्री ज्ञवालीले निर्देशन दिएका छन् ।

कोरोना संक्रमणलाई फैलिन नदिन नेपाली कामदार रहेका विभिन्न मुलुकमा आवागमन तथा जमघटलाई थप रोक्न कडा कदमहरू चालिएका छन् । ठूलो संख्यामा नेपाली कामदार रहेको साउदी अरबले गएराति देखि २१ दिनसम्म रात्रिकालीन कफ्र्यू घोषणा गरेको छ ।

कोरोनाको संक्रमण बढ्दै गएपछि त्यसलाई रोक्न साउदीका राजा सलमान बिन अब्दुल अजिज आल साउदले सोमबार रातिदेखि नै लागू हुनेगरी रात्रिकालीन कफ्र्यू घोषणा गरेका हुन् ।

साउदी अरबस्थित नेपाली दूतावासले नेपालीहरूलाई वाहिर ननिस्कन आग्रह गरेको छ । साउदी अरबको स्थानीय समयअनुसार, सोमबार बेलुकी ७ बजेदेखि बिहान ६ बजेसम्म कफ्र्यू लाग्ने छ । बाँकी पृष्ठ २ मा




## कोरोना राहत कोषलाई एनआरएनएको १ करोड

काठमाडौं/मस- गैरआवासीय नेपाली संघ (एनआरएन) ले कोरोना भाइरसको महामारीविरुद्ध लड्न नेपाल सरकारलाई एक करोड रुपैयाँ सहयोग घोषणा गरेको छ । नेपाल सरकारद्वारा गठित केन्द्रीय राहत कोषमा १ करोड रुपैयाँ जम्मा गर्ने निर्णय संघको आइतबार बसेको अन्तर्राष्ट्रिय परिषद् (आईसीसी) को बैठकले गरेको हो ।

एनआरएनएका अनुसार, कोरोना संक्रमणको महामारीविरुद्ध लड्न र संक्रमण भएको खण्डमा उपचार तथा अन्य उपकरण तथा औषधिजन्य सामाग्री सहज गर्न गठित नेपाल सरकारको केन्द्रीय कोषमा उक्त रकम जम्मा हुनेछ ।

मन्त्रिपरिषदको आइतबार साँझ बसेको बैठकले सुरुमा सरकारको तर्फबाट ५० करोड रुपैयाँको केन्द्रीय कोष खडा गरेको थियो । सो कोषमा मन्त्रीहरुले एक महिनाको तलब जम्मा गरेका छन् । अन्य व्यक्ति वा संस्थाहरुले पनि स्वेच्छाले सो कोषमा रकम बाँकी पृष्ठ २ मा



### भक्तपुरका अस्पतालमा मास्क र ग्लोभ्स छैन

# डाक्टर भन्छन् : कसरी गर्ने उपचार ?

रमेश गिरी/रासस
भक्तपुर, १० चैत



सम्भावित कोरोना संक्रमितको उपचारका लागि आइसोलेशन वार्ड तयार पारेका अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीले सुरक्षाको प्रत्याभूतिको माग गरेका छन् । शंकास्पद बिरामी अस्पताल आएमा उपचार गर्न विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसारको सुरक्षाको व्यवस्था नभए अस्पतालले आइसोलेशन वार्ड तयार पारे उपचारमा स्वास्थ्यकर्मी नखटिने चिकित्सकहरुले बताएका छन् ।

पहिला सुरक्षा गर्न सके मात्रै संक्रमित बिरामीको उपचार गर्न सकिने बताउँदै चिकित्सकहरुले सरकारले विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार सुरक्षाका लागि सबै व्यवस्था गर्नुपर्ने बताएका हुन् । मध्यपुरथिमिमा सञ्चालित मध्यपुर अस्पतालकी प्रसूति रोग विशेषज्ञ एवं चिकित्सक डा रबिना प्रधानाङ्गले अस्पतालमा कोरोना संक्रमितको आशंकाका बिरामी आएमा मेडिकल टोली नै भाग्नुपर्ने अवस्थाको सृजना हुन नहुने बताइन् ।

मध्यपुर अस्पतालले चार श्ययाको आइसोलेशन वार्ड तयार पारेर राखे पनि मेडिकल टोलीसँग आफू सुरक्षित छु भन्ने विश्वस्त पार्नेगरी व्यवस्था हुन नसके बिरामीको उपचारमा समस्या आउने उनले बताइन् । उनले भनिन्, 'उपचारमा खटिने स्वास्थ्यकर्मीको टिम पहिला सुरक्षित महसुस हुनुपर्‍यो, आफ्नै ज्यान जोखिममा छ भन्ने जान्दाजान्दै बिरामीको नजीक जाने आँट कसैले गर्दैन, आवश्यक सुरक्षाका सबै पूर्वाधार एवं सामग्री तयारी अवस्थामा हुनुपर्‍यो ।'

आफ्नो अस्पतालमा सामान्य मास्क र ग्लोभ्ससमेत सकिएर किन्न खोज्दा बजारमा कहीँ नपाएको बताउँदै उनले अस्पतालका सबै स्वास्थ्यकर्मीले कपडाको मास्क लगाएर सेवामा खटिनु परेको बताइन् । अस्पतालमा आइसोलेशन वार्ड मात्रै भएर के गर्नु, डाक्टर छिरेर काम गर्ने अवस्था आएन भने के मोबाइल र अनलाइनबाट उपचार गर्ने ? भन्दै डा प्रधानाङ्गले भनिन्, 'कोरोनाको बिरामी आए उपचार गर्ने सरकारको पूर्ण तयारी खै, साधारण मास्क छैन, संक्रमितको उपचार गर्दा लगाउने एन नाइन्टी मास्क खै ?, पिपिई सेट खै ? मेडिकल टोलीको सुरक्षाका लागि खै व्यवस्था ?, मेडिकल टोलीको सुरक्षाको जिम्मा कसले लिन्छ ?'

कोरोना संक्रमितको उपचार गर्दा लगाइने पोसाक (पिपिई-पर्सनल प्रोटेक्शन इक्विप्मेन्ट) बजारमा कतै नभएको र सरकारले समेत उपलब्ध गराउन नसकेको अवस्थामा सुरक्षित भएर काम गर्न नसकिने चिकित्सकको भनाइ छ । धेरै पाठ सिक्नुपर्ने औँल्याउँदै उनले कोरोना संक्रमितको उपचार अरू बिरामीको उपचार नहुने निश्चित तोकिएको अस्पतालमा मात्रै गर्नुपर्ने र मेडिकल टोलीको पूर्णसुरक्षाको अनुभूति गराउँदै निश्चित समयका लागि उपचार केन्द्रमै बस्ने गरी व्यवस्थापन हुनुपर्ने भनाइ राखिन् ।

नागरिक अस्पतालकी नर्सिङ इन्चार्ज सुन्दरी जोशीले अस्पतालमा ज्वरो नाप्ने थर्मल गनदेखि मास्कसमेत नभएको बताइन् । उनले रु चार हजार पर्ने एउटा थर्मल गनको बजारमा नौ हजार भनेको बताउँदै पिपिईसमेत नभई आइसोलेशनमा बिरामी उपचार गर्न नसकिने बताइन् । संक्रमित बिरामीको उपचारमा खटिएका व्यक्तिलाई घर जान दिइने हो भने घरपरिवार र अन्य व्यक्तिलाई पनि संक्रमण हुने जोखिम उच्च रहने भएकाले यसबारेमा विशेष ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीको माग छ ।

यता धुलिखेल अस्पताललाई कोरोना संक्रमितको उपचार गर्ने अस्पताल बनाउने सरकारले तयार गरेपछि यहाँ स्वास्थ्यकर्मीदेखि कर्मचारीसमेत त्रसित भएका छन् । सोमबार कोरोना आशंकाका एक बंगलादेशी आएको र उसलाई ज्वरो देखिएपछि टेकु अस्पताल पठाइएको अस्पतालको आकस्मिक शाखाले जानकारी दिएको छ । अस्पताललाई कोरोना सङ्क्रमित बिरामीको उपचार केन्द्र बनाउने भनिए पनि अस्पतालमै सिलाएको कपडाको मास्क र कपडाकै गाउन लाएर स्वास्थ्य परीक्षण गर्नुपर्ने बाध्यता भएपछि यहाँका कर्मचारीसमेत त्रसित भएको आशिश थापाले बताए । ज्वरो नाप्न ढोकादेखि नै कर्मचारी खटाए पनि अस्पताल प्रशासन र शाखाप्रमुखले सम्भावित जोखिमलाई गम्भीर रुपमा नलिँदा कर्मचारीमै जटिल समस्या आउन सक्ने र ढुक्क भएर साँझ घर जान सक्ने अवस्था नभएको उनको गुनासो छ ।

कोरोना संक्रमितको उपचार गर्ने भए निश्चित टोली बनाएर २४ घण्टा त्यही बस्ने र उपचार गर्ने गरी चीनले गरेको व्यवस्थाअनुसार गर्नुपर्ने यहाँका कर्मचारी र स्वास्थ्यकर्मीको भनाइ छ । अस्पताल प्रशासनले कर्मचारीको बेवास्ता गरेको गुनासो गरेका छन् ।

## कोभिड–१९ ले समाजमा नयाँ अध्याय शुरु गरेको छ : सांसद सिलवाल



काठमाडौं/मस- प्रतिनिधिसभा सदस्य नवराज सिलवालले कोभिड-१९ नामक सूक्ष्मजीव 'भाइरस'ले समाजमा नयाँ खालको अध्याय शुरु गरेको बताएका छन् । सामाजिक सञ्जालमार्फत मुलुकवासीलाई सुरक्षित रहने सन्देश प्रवाह गर्दै उनले हरेक नेपालीलाई केही समय जमघट, भोजभतेर, पार्टीलगायत काम रोक्न पनि अनुरोध गरेका छन् ।

उनले भने, 'तपाईंहरु हरेक व्यक्तिले विश्व स्वास्थ्य संगठनले दिएको सुझावको पालना गरी मुलुकलाई कोरोनाको त्रासबाट जोगाउनुपर्ने दायित्व अब सिर्जना भएको छ । हरेक व्यक्तिले दैनिक पटकपटक साबुपानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्ने बानी बसाउनुहोस् । नेपाली सभ्यातको पालना गरी कोरोनाको जोखिम रहेसम्म हात मिलाउने काम ठ्याक्कै रोक्नुहोस् ।' मुलुकलाई यस संक्रमणबाट जोगाउन सामाजिक व्यवहार र दूरीमा रहेर अघि बढ्न सिक्नुपर्ने हरेक नेपालीको कर्तव्य बनेको सांसद सिलवालको भनाइ छ ।

मुलुकका हरेक मानिसले रोगसँग लड्न सक्ने क्षमता बढाउन कागती जातका फलफूल (सिट्रस फुड) लगायत बदाम, दही आदि खानेकुरा सेवन गर्नुपर्ने सिलवालले सुझाव दिएका छन् । संक्रमित देशबाट नेपाल फर्केका हरेक नेपालीलाई केही दिन सेल्फ क्वारेन्टाइनमा बस्नसमेत सिलवालले अपिल गरे ।

## डोटीका मालपोत र प्रशासन कार्यालयका सेवा बन्द



डोटी/रासस- कोरोनाको संक्रमण बढ्ने खतरा देखिएपछि जिल्ला प्रशासन कार्यालय डोटीले सोमबारदेखि लागू हुनेगरी नागरिकता, राहदानी सिफारिसलगायतका सेवा पूर्णरूपमा बन्द गरेको छ ।

प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलद्वारा जारी गरिएको एक सार्वजनिक सूचनामा यही चैत २१ गतेसम्मका लागि जिल्ला प्रशासन कार्यालयबाट सेवाग्राहीलाई प्रदान गरिँदै आएका सम्पूर्ण सेवा बन्द गरिएको उल्लेख छ । विश्वभर माहामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण नेपाल सरकारले गरेको निर्णयअनुरूप सेवा बन्द गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

सेवाग्राहीको भीडका कारण संक्रमण फैलनसक्ने भन्दै जिल्लास्थित मालपोत कार्यालयसमेत बन्द भएको छ । चैत २१ गतेसम्मका लागि मालपोत कार्यालयबाट प्रदान हुने सबै सेवा बन्द गरिएको जनाइएको छ । उच्च सतर्कता अपनाउनकै लागि कार्यालयको सेवा बन्द गर्नुपरेको कार्यालयले जनाएको छ ।

जिल्लामा मालपोत कार्यालय सेवाग्राहीको बढी भीड हुने कार्यालयका रूपमा रहँदै आएको थियो । त्यसैगरी जिल्ला प्रशासन कार्यालय डोटीले विशेष परिस्थितिबाहेक अन्य काममा भेला नहुन आम नागरिकलाई आग्रह गरेको छ । जिल्लामा २५ जनाभन्दा बढी जम्मा गरेर भोजभतेर तथा पूजाआजा गर्नेलाई कारवाही गरिने जनाएको छ । पछिल्लो समय यहाँका गाउँघरमा बिसुपर्व शुरु भएकाले उक्त पर्व मनाउन छिमेकी मुलुक भारत गएका फर्किरहेकाले धेरै ठूलो भीड नगर्न, हात नमिलाउन र साबुनपानीले पटक-पटक हात धुनसमेत प्रशासनले सबैमा आग्रह गरेको छ ।

## नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिने

लमजुङ/मस- लमजुङ जिल्लाको बेंसीशहर नगरपालिकाद्वारा नि:शुल्क एम्बुलेन्स सञ्चालन गर्ने भएको छ । कोराना भाइरसका संक्रमण भएका वा आशंका भएका नगरवासीका लागि नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन शुरु गर्न लागिएको नगरपालिकाले जनाएको छ ।

यतिबेला विश्वमा कोभिड-१९ को संक्रमण फैलिरहेका बेला नगरमा पनि जोखिम रहेको र कुनै पनि बेला नगरवासीमा पनि संक्रमण हुनसक्ने कुरालाई मध्यनजर गरेर नि:शुल्क एम्बुलेन्स सेवा शुरु गर्न लागिएको नगर प्रमुख गुमानसिंह अर्यालले बताए । उनले भने, 'नगरवासी र विशेष गरी हामीले नगरपालिको केही वडा दुर्गम भएकाले त्यहाँका नागरिकको स्वास्थ्यलाई बढी ध्यानमा राखेर केही दिनअघि एम्बुलेन्स करिब रु १० लाख बराबरको मूल्यमा खरिद गरेर सञ्चालनमा ल्याइएका छौँ ।'

यस संक्रमणको अन्त्य नभएसम्मका लागि कोरोनासम्बन्धी बिरामीलाई नेपालको जुनसुकै स्थानमा लैजानका लागि पनि नि:शुल्क एम्बुलेन्स उपलब्ध हुने नगरपालिकाले जनाएको छ । यसबाहेक कोरोनाको रोकथामलगायतका लागि पर्याप्त बजेट छुट्याउन लागिएको नगर प्रमुख अर्यालको भनाइ छ ।

कोरोनाविरुद्ध लड्का लागि नगरवासी, पत्रकार, उद्योग व्यवसायीलगायत सबै एकजुट हुनलाई समेत उनले आग्रह गरे । कोरोनाका आशंका तथा संक्रमित भई एम्बुलेन्स आवश्यक परेमा तुरुन्त यस एम्बुलेन्सका चालक राजु शाक्यको मोबाइल नं ९८४६९००४५९ वा सम्बन्धित निकायलाई सम्पर्क गर्न सकिने नगरपालिकाले जनाएको छ ।

## आज घोडेजात्रा



काठमाडौं/मस- प्रत्येक वर्ष चैत्र कृष्ण औँसीका दिन मनाइने घोडेजात्रा पर्व मंगलबार (आज) काठमाडौँ उपत्यकामा कोरोना भाइरसको संक्रमणका कारण सीमित मानिसबीच साङ्केतिक रुपमा मनाइँदैछ । भाइरसको संक्रमण मानिसमा नफैलियोस् भनी सतर्कता अपनाउँदै यसो गरिएको हो ।

जनविश्वासानुसार टुँडिखेलको पूर्वदक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भनिने राक्षसले शहरका बालबालिकालाई खाने गरेको थियो । पीडित स्थानीयवासीले विभिन्न उपायले त्यसलाई संहार गरे । राक्षसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्न सक्ने भय स्थानीयवासीमा रहिरह्यो ।

यसै कारण प्रत्येक वर्ष चैत्र कृष्ण औँसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो । साथै शहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी आजै राति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिइन्छ । यसो गरेपछि वर्षभर बालबालिकालाई गुरुमापाबाट खतरा हुने विश्वास राजधानीवासीमा छ ।

नेपाली सेनाका तर्फबाट आजै टुँडिखेलमा अश्वकला, मोटरसाइकल खेल, शारीरिक व्यायाम, युद्धकलालगायत प्रदर्शन गरिन्छ । आजकै दिन ललितपुरमा पनि एउटा कानो घोडा दौडाएर घोडेजात्रा मनाउने परम्परा छ । यस वर्ष कोरोना भाइरसको संक्रमणका कारण सेनाले विशिष्ट व्यक्तिलाई अतिथिका रुपमा बोलाएको छैन ।

विगत वर्षमा भन्दा कम प्रदर्शन गरी मनाउने तयारी गरिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी विज्ञानदेव पाण्डेले जानकारी दिए । 'विगत वर्षमा २४ वटासम्म खेल प्रदर्शन गरिन्थ्यो, यस वर्ष घटाएर १५ वटा गरिँदैछ, सेनाभित्र पनि सबैलाई टुँडिखेलमा आमन्त्रण गरिएको छैन, स्याटेलाइटबाट ब्यारेकमा देखाउने व्यवस्था मिलाइएको छ,' उनले भने ।

## दुर्घटनामा तीनको मृत्यु

दाङ/मस- दाङको विभिन्न स्थानमा भएको सडक दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय दाङका अनुसार सोमबार दिउँसो दाङमा यात्रुवाहक बस र मोटरसाइकल एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने तीन घाइते भएका छन् । काठमाडौंबाट दाङ आउँदै गरेको बा६ख ३९६७ नंको बस र लमहीबाट पूर्वतर्फ जाँदै गरेको रा१ब ८१८ नंको मोटरसाइकल गढ्वा गाउँपालिका-१ कालाकाटेमा ठोक्किँदा दुर्घटना भएको हो ।

दुर्घटनामा परी रोल्पाको गङ्गादेव गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गणेश पुनको मृत्यु भएको छ । रुकुम त्रिवेणी गाउँपालिका-२ खारा निवासी उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक सुमित खड्काले बताए । त्यस्तै रोल्पा गङ्गादेव गाउँपालिकाका कम्प्युटर अपरेटर तुलसीपुर उपमहानगरपालिका-५ निवासी रमेश ओलीको पनि उपचारका क्रममा मृत्यु भएको छ । उनको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारका क्रममा मृत्यु भएको हो ।

घाइते हुनेमा तुलसीपुर उपमहानगरपालिका-५ का २५ वर्षीय अजय कवर, दङ्गीशरण गाउँपालिका-२ का २४ वर्षीया सन्ध्या ओली र बर्दिया बासगढी नगरपालिका-६ का १८ वर्षीय कृष्ण चौधरी रहेका छन् ।

स्कुटर दुर्घटनामा एकको मृत्यु

त्यस्तै, दाङको घोराहीदेखि लमहीतर्फ जाँदै गरेको रा३प ५४३० नंको स्कुटी लमहीको बेलदमारमा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा घोराही उपमहानगरपालिका-१८ नवलपुर निवासी ३६ वर्षीय अमितसिंह धामी रहेको वडा प्रहरी कार्यालय लमहीका प्रमुख प्रज्वल थपलियाले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका धामीको लमहीस्थित अस्पतालमा उपचारका क्रममा मृत्यु भएको उनले बताए ।

## काठमाडौं महानगरका पाँच ठाउँमा वाटर एटीएम जडान गरिँदै

काठमाडौं/मस- काठमाडौं महानगरपालिका र खानेपानी मन्त्रालयअन्तर्गतको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड) बीच महानगर क्षेत्रभित्र पाँच ठाउँमा वाटर एटीएम जडान गर्ने विषयमा सम्झौता भएको छ ।

महानगर क्षेत्रभित्रका केही सार्वजनिक स्थानमा स्वच्छ र गुणस्तरीय पानी पिउने सुविधा प्रदान गर्न वाटर एटीएम जडान गर्ने विषयमा सम्झौता भएको हो । महानगरका प्रमुख विद्यासुन्दर शाक्यको उपस्थितिमा महानगरकातर्फबाट प्रमुख प्रशासकीय अधिकृत राजेश्वर ज्ञवाली र बोर्डका तर्फबाट कार्यकारी निर्देशक डा सञ्जीव विक्रम राणाले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

सम्झौता अनुसार पहिलो चरणमा काठमाडौं महानगर क्षेत्रभित्रका धुम्रबराहीको शंखपार्क, स्वयम्भूको भूइँखेल, बालाजु पार्क, वडा नं २८ को शंखधर पार्क र मीनभवनको ट्रलीबस सेवा भएको कम्पाउण्डमा वाटर एटीएम राखिनेछ । तीन वर्षका लागि भएको सम्झौताअनुसार महानगरपालिकाले वाटर एटीएम राख्ने स्थान उपलब्ध गराउने छ भने त्यसको सुरक्षा र बत्तीको पनि व्यवस्था महानगरपालिकाले नै गर्नेछ ।

### नेपाल...

गरेको छ । सरकारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुर्‍याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० अन्तर्गत सजाय हुनेछ ।

सोमबारबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोली परिचालन गर्ने निर्णय पनि सरकारले गरेको छ । बलम्बुमा रहेको सशस्त्र प्रहरीको अस्पतालबाट कोरोनाको रोकथाम, नियन्त्रण रउपचार सम्बन्धि कार्यका लागि नेपाली सेनाको चिकित्सक टोलीको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र आवश्यकता अनुसार सरकारी, सामुदायिक र नीजि क्षेत्रका चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरु परिचालन सुरु गर्ने र त्यसका लागि रक्षा मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयलाई आवश्यक समन्वय गर्न पनि निर्देशन दिएको छ ।

### फ्रान्सबाट...

लिइएको 'थ्रोड स्वाब'को राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पोलीमेरेज चेन रियाक्सन (पिसिआर) गर्न पठाइयो । आइतबार रिपोर्ट आउँदा उनमा पनि कोभिड–१९ पोजेटिभ देखियो । अस्पतालका निर्देशक डा. राजभण्डारीकाअनुसार उनी जोमिखमुक्त छन् । र, अस्पतालको आइसोलेसनमा उपचाररत छन् । 'सेल्फ क्वारेन्टाइन'मा रहेका बखत पनि उनले सबैसँग दूरी राखेको डा. राजभण्डारीसँग उनले बताएकी छन् । उनले भने, 'पढेलेखेकी मान्छे संक्रमण फैलिएको देशबाट आएपछि परिवारसँग पनि दूरीमा रहेर आइसोलेसनमा बसेको देखिन्छ । नियमपूर्वक बसेको र समुदायमा नगएका कारण ठूलो जोखिम नहोला भन्ने हामीले विश्वास लिएका छौं ।' यसअघि स्वास्थ्य तथा जनसंख्यामा मन्त्रालयमा आयोजित आकस्मिक पत्रकार सम्मेलनमा मन्त्री ढकालले युवतीको परिवारलाई नै होम क्वारेन्टाइनमा राखिसकिएको जानकारी गराएका थिए ।

अन्यको खोजी

कोरोना संक्रमित १९ वर्षीय नेपाली युवती कतार एयरवेजको जहाजबाट नेपाल आएको नेपाल पर्यटन बोर्डले जनाएको छ । बोर्डले ४ चैत (मार्च १७) मा कतार एयरवेजबाट युवती नेपाल आएको आफ्नो आधिकारिक ट्वीटर ह्याण्डिलमा उल्लेख गरेको हो । उक्त जहाजबाट आएकाहरुको खोजी भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । उनीहरुलाई क्वारेनटाइनमा बस्न आग्रह गरिएको छभने शंका लागेमा तत्कालै सम्पर्कमा आउन भनिएको छ ।

यता नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार उक्त दिन कतारबाट काठमाडौंका लागि तीनवटा उडान भएका थिए । तर, तीन उडानमध्ये कुनमा ती युवती आएकी थिइन् भन्ने चाहिँ खुलाएको छैन । चैत ४ गते कतार एयरवेका ती जहाजमध्ये पहिलो जहाज क्यूआरर ६५२ जहाजमा २०५, क्यूआर ६५० जहाजमा १०६, र क्यूआर ६४४ जहाजमा १५३ जना यात्रु काठमाडौं आएका थिए ।

### छुट्न...

प्रशासन कार्यालयले नै निर्णय गर्न सक्छ । कारागार व्यवस्थापन विभागका महानिर्देशक प्रदीपराज कणेले देशभर यो प्रक्रिया सुरु भइसकेको बताएका छन् । जिल्ला अदालतहरुले पनि एक वर्षभन्दा कम सजाय तोकिएका र सुधार गृहमा रहेका बालबालिकाहरुलाई छाड्ने प्रक्रिया सुरु गरेको छ । बालबालिकालाई अविभावकको जिम्मा लगाउने तयारी गरिएको र अन्य कैदीलाई दैनिक तीन सय रुपैयाँका दरले कैदवापत तिराएर छाड्न लागिएको हो । धादिङलगायतका जिल्लाबाट पनि कैदीहरु सोमबार छुटेका छन् ।

### भिडियो ...

साउदीमा सोमबार दिउँसोसम्ममा ५११ जनामा कोरोनाको संक्रमण भए पनि नेपाली श्रमिक सुरक्षित रहेको नेपाली दूतावासले जनाएको छ । यूएईमा भने सोमबार कोरोना भाइरसका थप ४५ संक्रमित देखिएका छन् ।

नेपाली कामदारहरूको ठूलो संख्या रहेका मलेसियामा पनि संक्रमितहरूको संख्या बढिरहेको छ । सोमबार भेटिएका २१२ सहित मलेसियाका संक्रमितको संख्या १५१८ पुगेको छ । त्यहाँ संक्रमणका कारण १४ जनाको ज्यान गइसकेको छ । मलेसियामा मृत्यु हुनेहरू मध्ये अधिकाश ४९ वर्षदेखि ७० वर्ष उमेरका रहेको त्यहाँका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

### कोरोना...

जम्मा गर्न सक्नेछन् ।

एनआरएनएले यसअघि श्रमिक कल्याणकारी कोषका लागि एक करोड ६ लाख रूपैयाँ सहयोग गर्ने निर्णयसमेत गरेको थियो ।

### राजदूतमा...

त्रिपक्षीय जक्सनको रुपमा काम गर्नुपर्ने भएपनि दुईपक्षीय जक्सनको रुपमा भएको व्यापारिक सम्झौता भएको उनले बताइन् ।

कांग्रेसका अर्का सांसद जीतेन्द्र नारायण देवले एमसीसी, बिआरआई र साउथ चाइना लगायतका विषयले चीन र अमेरिकाको टसल देखिएको उल्लेख गर्दै दुई देशको सम्बन्ध कसरी सन्तुलन राख्नुहुन्छ ? भन्दै प्रश्न गरे । उनले भने, 'दुई देशबीच ठूलो टसल देखिएको अवस्थामा उनीहरुको सम्बन्ध कसरी सन्तुलन राख्नुहुन्छ ? त्यो विषयमा के सोच्नु भएको छ ?'

उनले भेनजुएला प्रकरणमा नेपाल कम्युनिष्ट पार्टी नेकपाका अध्यक्ष पुष्पकमल दाहालले दिएको अभिव्यक्तिका विषयमा पनि प्रश्न उठाएका थिए । एमसीसी र भेनेजुएला प्रकरणले नेपालको विदेश नीति प्रभावित गरेको उनको आरोप थियो । जवाफमा प्रस्तावित राजदूत पाण्डेले भेनेजुएला प्रकरण र एमसीसीका विषयमा समितिमा बोल्नुपर्ने आवश्यकता नभएको बताए ।

उनले भने, 'एमसीसी र भेनेजुएलाका विषयमा यहाँ बोल्नुपर्छ भन्ने लाग्दैन् । एउटै कुरा भन्छु, हामीले अर्न्राष्ट्रिय जगतमा कुनै सन्धि, सम्झौता गर्दा त्यसमा भएका कतिपय कुराहरु हामीले अध्ययन गर्नुपर्ने हुन्छ । त्यसमा भएका शब्दावलीको अर्थ बुझ्नेगरी कसरी व्याख्या गर्ने हो त्यही बेलामा गर्नुपर्छ ।' उनले कुनै देशको प्रतिपर्स्धाकोबीचमा परेर आफुलाई विवादस्पद बिन्दुमा उभ्याउन नहुने बताए ।

लिुलेकका विषयमा भने उनले निकासका लागि आफुले पहल गर्ने बताए । आफु परराष्ट्रमन्त्री भएको समयमा भारत र चीनबीच सम्झौता भएको स्मरण गर्दै पाण्डेले लिपुलेक विवाद समाधानका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । भारत र चीनबीच सम्झौता भएलगत्तै आफुले दुई देशलाई आपत्ति व्यक्त गर्दै पत्र काटेको र चीले सकारात्मक जवाफ दिएकाले समाधान हुनेमा आफु विश्वस्त रहेको उनले बताए ।

उनले भने, 'त्यो विषयमा गम्भिर भएर जान तयार छौँ भनेर चीनले जवाफ पठाएको थियो । भारतपनि यसका लागि तयार हुनुपर्छ । म आफै मन्त्री भएको बेलापनि त्यसमा बोलेको थिए र रिस्पोन्स भएको छ । त्यही हिसाबले अगाडी बढ्नका लागि प्रतिवद्ध छु ।'

महेन्द्रबहादुर पाण्डेको नाम संसदीय सुनुवाई समितिले अनुमोदन गरेको छ । सोमबार बसेको समितिले बैठकले चीनका लागि आवासीय राजदूतमा पाण्डेको नाम सिफारिस गरको हो । समिति सभापति लक्ष्मणल कर्णले पाण्डेको नाम राजदूतका लागि सर्वसम्मत सिफारिस गरिएको बताए । गत फागुन १८ गतेको मन्त्रिपरिषद् बैठकबाट चीनका लागि आवासीय, उत्तर कोरिया र मंगोलियाका लागि गैरआवासीय राजदूतमा सिफारिस भएका पाण्डे विरुद्ध संसदीय समितिमा कुनै पनि उजुरी परेन् । संसदीय समितिले फागुन २८ गते उजुरी र गुनासो दिन आह्वान गर्दै १० दिनको समय दिएको थियो । सो समयमा कुनै पनि उजुरी नपरेको समितिले जनाएको छ ।

प्रस्तावित राजदूत पाण्डेले दुई देशबीच भएका सम्झौता कार्यान्वनय र समयसीमा भित्र काम सक्न अवश्यक समन्वय गर्ने प्रतिवद्धता जनाएका छन् । उनले नेपाल र चीनबीच निरन्तर उच्चस्तरि तथा औपचारिक र अनौपचारि भ्रमणको आदान प्रदान गराउन प्रयत्न गर्ने प्रतिवद्धता समेत जनाए । पाण्डेले चीनको राजनीतिक, आर्थिक, सामाजिक तथा सामरिक अवस्थ, प्रवृति तथा परिवर्तनको अध्ययन गरी नेपालमा पर्न सक्ने असर र सम्भावनाको विश्लेषण गरी परराष्ट्र मन्त्रलय मार्फत नेपाल सरकारलाई प्रत्येक महिना प्रतिवेदन पेश गर्ने बताए । पाण्डले चिनियाँ लगानीकर्तालाई नेपालको जलस्रोत, कृषि, भौतिक पूर्वाधार लगायत अन्य क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्ने प्रतिवद्धता समेत जनाएका छन् । पाण्डको नाम अनुमोदन भएपछि अब राष्ट्रपतिले राजदूतमा नियुक्त गर्नेछिन् ।

# कोरोना नियन्त्रण कोषमा जम्मा हुँदै रकम






**काठमाडौं/मस-** सरकारले स्थापना गरेको कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषमा राष्ट्रपति विद्यादेवी भण्डारीले २ महिनाको तलब दिने घोषणा गरेकी छन् । राष्ट्रपति कार्यालयले सोमबार विज्ञप्ति जारी गरी राष्ट्रपति भण्डारीले दुई महिनाको पारिश्रमिक दिने घोषणा गरेको जानकारी दिएको छ ।

आइतबार बसेको मन्त्रिपरिषद बैठकले कोरोना रोकथाम, नियन्त्रण र उपचारका लागि ५० करोड रुपैयाँ राखेर कोष स्थापना गरेको थियो । उक्त कोषमा विभिन्न व्यक्ति र संघसंस्थाले स्वेच्छिक रुपमा रकम जम्मा गरिरहेका छन् ।

सभामुख अग्निप्रसाद सापकोटाले केन्द्रीय राहत कोषमा आफ्नो एक महिनाको पारिश्रमिक उपलब्ध गराएका छन् । विपद्सँग जुध्न कोष स्थापना गर्ने सरकारको निर्णयको स्वागत गर्दै उनले आफ्नो पारिश्रमिक कोषमा जम्मा गर्ने व्यवस्था गरेका हुन् ।

संघीय संसद् सचिवालयको आर्थिक प्रशासन शाखामार्फत् सो रकम कोषमा जम्मा हुनेछ। सरकारले कोरोना (कोभिड-१९) विरुद्ध लड्न पूर्वतयारी स्वरुप आइतबार केन्द्रीय राहत कोष खडा गरेको थियो ।

यसैबीच, सभामुख सापकोटाले संघीय संसद् सचिवालयमा तयार गरिएको 'आइसोलेसन' वार्डको आज अनुगमन गरेका छन् । सिंहदरबारस्थित संसद् सचिवालयको १ नम्बर भवनमा तयार गरिएको आइसोलेसनको अनुगमन गर्दै उनले सबै खाले तयारीमा जुट्न सचिवालयका कर्मचारीलाई निर्देशन दिए ।

कोरोना भाइरस संक्रमित भेटिए अस्पताल पुऱ्याउनुअघि वार्डमा राख्ने व्यवस्था गरिएको संसद् सचिवालयअन्तर्गतको स्वास्थ्य एकाइका चिकित्सक पुस्पराज रिजालले जानकारी दिए ।

त्यस्तै राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कोरोना भाइरसविरुद्ध जुध्न सरकारले बनाएको केन्द्रीय राहत कोषमा एक महिनाको पारिश्रमिक बराबरको रकम उपलब्ध गराएका छन् ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त कोष स्थापनाको निर्णय गरेको थियो । सो कोषमा अध्यक्ष तिमिल्सिनाले आफ्नो एक महिनाको तलब दिने घोषणा गरेका हुन् । उनले संघीय संसद् सचिवालयको आर्थिक शाखालाई पत्रमार्फत आफ्नो एक महिनाको तलब कोषमा जम्मा गरिदिन निर्देशनसमेत दिएका छन् ।

अध्यक्ष तिमिल्सिनाले सरकारको कोष बनाउने निर्णयको स्वागत गर्दै विश्वमा देखिएको सन्त्रासमा सबैले आआफ्नो क्षेत्रबाट सहयोग गर्न अपिल गरेका छन् । उनले सरकारले कोरोनाबाट बच्नका लागि दिएका निर्देशनहरु पालना गर्न सबैलाई आग्रहसमेत गरेका छन् ।

त्यस्तै, सांसद महेश बस्नेतले कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण गर्न नेपाल सरकारले स्थापना गरेको कोरोना नियन्त्रण कोषमा आफ्नो एक महिनाको तलब जम्मा गर्ने घोषणा गरेका छन् ।

सांसद बस्नेतले आफ्नो सांसदबापत सरकारी सेवाबाट प्राप्त भएको एक महिनाको तलब कोषमा जम्मा गर्ने घोषणा सोमबार गरेका हुन् । उनले सरकारको निर्देशनलाई अवज्ञा नगरी, आतङ्कित नभई सेल्फ क्वारेन्टाइनमा बस्न सबैलाई आग्रहसमेत गरे ।

संक्रमणको जोखिम नेपालमा पनि रहेको बताउँदै उनले कोरोना भाइरसको संक्रमणबाट आतङ्कित हुने नभई सावधानी अपनाउन आम नेपाली नागरिकलाई आग्रह गरेका छन् ।

यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीको सचिवालयका सदस्यले ' कोरोना भाइरसको संक्रमणविरूद्ध विशेष कोष' मा एक महिनाको पारिश्रमिक दिने भएका छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले कोषलाई सहयोग गर्नका लागि सचिवालयमा रहेका सबैले एक महिनाको तलब दिने निर्णय गरेको जानकारी दिए ।

उनका अनुसार सचिवालयमा रहेका ६ जनाले एक महिना र तीन जनाले आधा महिनाको पारिश्रमिक बराबर रकम दिने भएका छन् । मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, विदेश मामिला सल्लाहकार डा राजन भट्टराई, प्रेस सल्लाहकार थापा, आर्थिक विकास मामिला सल्लाहकार लालशङ्कर घिमिरे, प्रमुख स्वकीय सचिव इन्द्र भण्डारी र स्वकीय सचिव राजेश बज्राचार्यले कोषमा एक महिनाको तलब दिने छन् ।

यसैगरी सचिवालयमा रहेका विकास पूर्वाधारविज्ञ गजेन्द्र थपलिया, सञ्चारविज्ञ रामशरण बजगाईं र स्वकीय सहसचिव होमबहादुर थापाले आधा महिनाको तलब दिने छन् ।

## कोषमा रकम जम्मा गर्न सरकारको अनुरोध

**काठमाडौं/मस-** सरकारले कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रकम जम्मा गर्न अनुरोध गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव राजेन्द्रकुमार पौडेलले सोमबार सूचना जारी गर्दै विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिन तथा सोको रोकथाम एव नियन्त्रणका लागि इच्छुक व्यक्ति तथा संघसंस्थालाई राष्ट्रिय वाणिज्य बैंकमा खोलिएको खातामा रकम जम्मा गर्न अनुरोध गरेका हुन् ।

सरकारले सिंहदरबारमा खोलेको खाता नम्बर १९६०००००११०१ रहेको छ । मन्त्रिपरिषद्को आइतबार बसेको बैठकले सो कोष खडा गर्ने निर्णय गरेको हो । सो कोषमा मन्त्रीहरुले एक महिनाको तलब बराबरको रकम राख्ने निर्णय भइसकेको छ

# दिल्लीको आनन्दविहारमा सयौं नेपाली अलपत्र

**इमरान खान/मध्यान्ह**
नयाँदिल्ली, १० चैत



विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९)को कारण आफ्नो कर्मथलो लकडाउनमा परेपछि आफ्नो जन्मथलो फर्केर आउने क्रममा भारतको राजधानी दिल्लीको आनन्द विहार पुगेका सयौं नेपाली अलपत्र परेका छन् ।

भारतभर आइतबार जनता कर्फ्युका कारण पुरै देशको जनसंख्या घरमै रह्यो । तर नेपालस्थित जन्म घर जान दिल्ली आइपुगेका नेपाली त्यतिखेर झन् अन्योलमा परे जतिखेर दिल्ली सरकारले पुरै दिल्लीलाई लकडाउनको घोषणा गऱ्यो ।

कोरोनाको कहर बढ्दै जाँदा त्यहाँको राज्य सरकारले दिल्लीमा लकडाउन घोषणा गरेको हो । भारतभर आइतबार कुनै पनि सवारी साधन चलेनन् । हवाइजहाज, ट्रेन, मेट्रो ट्रेन, सार्वजनिक सवारी साधान ठप्प रहे । रेल मन्त्रालयले सोमबारबाट रेल सेवा पनि बन्द गरेको छ ।

सार्वजनिक सवारीको साधनबाट यात्रा गर्दा कोरोना संक्रमण हुने सम्भावना बढ्ने खतरा भएपछि भारतभर रेल सेवा बन्द हुने अवस्थामा पुगेको हो । कम्तिमा २ हप्ता यो अवस्था कायम हुने देखिएको छ ।

भारत सरकारले सतर्कता अपनाउँदै गरेको उक्त निर्णय नेपाल फर्किन दिल्ली आइपुगेका नेपालीहरुका लागि समस्या बनेको छ । विभिन्न राज्यबाट दिल्ली आएर त्यहाँबाट नेपाल फर्किन तयारीमा रहेका नेपालीहरु दोहोरो मारमा परेका छन् । दिल्लीमा लकडाउनका कारण कुनै पनि सवारी साधन चल्ने अवस्था छैन । नेपाल सरकारले पनि सोमबारबाट एक हप्ताको लागि चीन र भारतको सबै सीमा नाका बन्द गर्ने घोषणा गरेको छ । यसको प्रत्यक्ष असर नेपाल फर्किन दिल्ली आइपुगेका नेपालीहरुलाई परेको हो ।

नेपाल फर्किन आफ्ना सामान बोकेर दिल्ली आइपुगेका उनीहरु पसल, होटल तथा रेष्टुराँ सबै बन्द हुँदा खाना र पानी समेत नपाएर सडक पेटीमै रात बिताउन बाध्य भएका छन् । दिल्ली प्रहरीलाई आफ्नो समस्याबारे जानकारी गराए पनि केन्द्रदेखि राज्य सरकारको आदेशका कारण देश नै ठप्प भएको बेला आफूहरुले केही सहयोग गर्न नसक्ने जवाफ उनीहरुले दिएका छन् ।

बैंगलोरबाट दिल्ली आइपुगेका लक्ष्मण रातोकीले आफूजस्तै सयौं नेपाली मथुरामा अलपत्र अवस्थामा सडकमै सुत्न बाध्य भएको बताए । उनले भने, 'बालबच्चा समेत लिएर नेपाल फर्किन लागेकाहरु खाना र पानी समेत नपाएर सडकमा रात कटाउन बाध्य भएका छन् ।' रातोकीले नेपाल सरकारलाई तत्काल आफूहरु जस्तै मथुरा लगायतका ठाउँमा रहेका सयौं नेपालीको उद्धारका लागि कुटनीतिक पहल गर्न माग गरेका छन् ।

उनले भारतस्थित नेपाली दूतावासलाई सक्रिय गराई आफूहरुलाई नेपाल जाने वातावरण बनाउन माग गरे । रातोकीले भने, 'हामीहरुको उद्धार चाँडो गरियोस्, बरु नेपालमा गएर क्वारेन्टाइनमा बस्न तयार छौं ।'

**दूतावासको आग्रह**

यसैबीच भारतमा रहेका नेपालीलाई सुरक्षितसाथ आफु जुन ठाउँमा रहेको सोही ठाउँमा बस्न नेपाली दूतावासले आग्रह गरेको छ । नेपाल-भारत सिमा नाका बन्द गरिसकेको अवस्थामा भारतस्थित नेपाली दुतावासले आफु रहेको ठाउँ नछाडि सुरक्षित बस्न विज्ञप्तीमार्फत आग्रह गरेको हो ।

दुतावासले कोरोना नियन्त्रण तथा रोकथामका लागि भारतको केन्द्रीय तथा प्रान्तीय सरकारले जारी गरेका निर्देशनहरुलाई पालना गर्न पनि आग्रह गरेको छ । कोरोना नियन्त्रणका लागि भारतले लामो दुरीका सवारीसाधनसहित रेलमा पनि प्रतिबन्ध लगाइसकेको छ । भारतमा बढ्दो संक्रमणको असरलाई कम गर्न नेपाल सरकारले सोमबारदेखि लागु हुने गरि सिमा नाका बन्द गरेको छ ।

नेपालले काठमाडौंबाट चल्ने लामो दुरीका सवारी साधन सन्चालनमा पनि सोमबारदेखि रोक लगाएको छ । आइतबार मध्यरातदेखि लागू हुनेगरी नेपाल आउने सम्पुर्ण नियमित अन्तर्राष्ट्रिय उडान पनि बन्द गरिएको छ ।

## मुख्यमन्त्री शाहीद्वारा अत्यावश्यकबाहेकका भेटघाट बन्द

**काठमाडौं/मस-** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले अति जरुरीबाहेकका भेटघाट सोमबारबाट बन्द गरेका छन् । कोरोना भाइरसको संक्रमण जोखिम कम गर्न मुख्यमन्त्री शाहीले अत्यावश्यकबाहेकका भेटघाट बन्द गरेको उनका राजनीतिक सल्लाहकार भीमप्रकाश शर्माले जानकारी दिए । मुख्यमन्त्री शाहीले कोरोना भाइरसले निम्त्याएको संकटको समाधानका लागि उच्च सावधानी अपनाउन सर्वसाधारण नागरिकलाई आग्रह गरेको सल्लाहकार शर्माले बताए ।



मुख्यमन्त्री शाहीले स्वास्थ्य निर्देशिकाको अनिवार्यरूपमा दायित्व सम्झेर पालना गर्न र उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । संक्रमणबाट जोगिन प्रत्येक नागरिक आफैंले उच्च सावधानी अपनाउन, अनावश्यक हिँडुल, भेटघाट तथा सम्पर्क नगर्न, भीडभाड तथा बजारमा नजान र स्वास्थ्यकर्मीले दिएको सुझाव अवलम्बन गर्नसमेत उनले सुझाएका छन् ।

कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकार गम्भीरताका साथ लागिरहेकाले अनावश्यक हल्लाको पछि नलाग्न र त्रसित नहुन पनि मुख्यमन्त्री शाहीले अनुरोध गरेका छन् । 'यो विषम परिस्थितिको सामना गर्न मुख्यमन्त्री र प्रदेश सरकार नागरिकको साथमा छ,' सल्लाहकार शर्माले भने । कोरोनाको संकट समाधान गर्न सरकारले थालेको प्रतिकार्य योजनालाई साथ दिन मुख्यमन्त्री शाहीले सरकारका आधिकारिक निकाय, स्वास्थ्य संस्था, सुरक्षा निकायको निर्देशनलाई पालना गरी सहयोग गर्न सबै नागरिकलाई अनुरोध गरेको जनाइएको छ ।

## मुख्यमन्त्री राईद्वारा पूर्वी नाकाको निरीक्षण

**झापा/मस-** प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले पूर्वी नाका काँकडभिट्टाको आज स्थलगत निरीक्षण गरेका छन् । उनले पूर्वी नाका काँकडभिट्टाको सोमबार स्थलगत निरीक्षण गरेका छन् ।

कोभिड- १९ को संक्रमण फैलन नदिन मन्त्रिपरिषद्को निर्णयअनुसार सोमबार मुख्यमन्त्री राईले पूर्वी नाका काँकरभिट्टाको स्थलगत निरीक्षण गरेका हुन् । नाकाको निरीक्षण गर्दै भारतलगायत विभिन्न देशबाट नेपाल फर्किएका नेपाली मेची पुलमा अलपत्र परेसँगै उनीहरुलाई सीमा नाकामै भेटेर मुख्यमन्त्री राईले स्वदेश फर्कने व्यवस्था मिलाउन पहल भइरहेको बताए ।

यसअघि उनले भारतलगायत विभिन्न मुलुकबाट नेपाल भित्रिएका नेपालीलाई स्वास्थ्य जाँचपछि क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउन मेची नगरपालिकालाई आग्रह गरे । उनले सबै स्थानीय तहलाई क्वारेन्टाइनको व्यवस्था गर्दै आङ्शका गरिएका सबै बिरामीलाई सुरक्षित रुपमा क्वारेन्टाइनमा राख्न र सबै नागरिकलाई होम क्वारेन्टाइन्मा सजग भएर बस्न आग्रह गर्न निर्देशन दिए ।

पूर्वी नाका काँकडभिट्टामा स्वदेश फर्किएका करीब तीन सय नेपाली अलपत्र परेपछि मुख्यमन्त्री राईले उक्त नाकाको स्थलगत निरीक्षण गरेका हुन् । उनीसँगै सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरसमेत निरीक्षण टोलीमा सहभागी थिए ।

## हिरा लुटेको अभियोगमा तीन प्रहरी पक्राउ

**मकवानपुर/मस-** मकवानपुर प्रहरीले बहुमूल्य पत्थर (हिराजस्तै देखिने) लुटपाटमा संलग्न भएको भन्दै प्रहरी सहायक निरीक्षकसहित तीन प्रहरी र आफूलाई पत्रकार बताउने एक जनालाई पक्राउ गरेको छ ।



मकवानपुरको कैलाश गाउँपालिका-५ का ७० वर्षीया वृद्धा धनलक्ष्मी गुरुङको साथमा रहेको हिरा खरिद गर्ने बहानामा हेर्न मागेको र मोलमोलाइ गरेको जस्तै गरी पेस्तोल देखाएर लुटपाट गरी भागेको उनीहरुलाई आरोप लागेको छ । आफूलाई पत्रकार बताउने ललितपुर महानगरपालिका भैंसेपाटी बस्ने वर्ष १९ का सुजन आचार्य, सुर्खेत वीरेन्द्रनगर-१२ बस्ने वर्ष २६ का प्रहरी सहायक निरीक्षक सुरेन्द्र बसेल, जाजरकोट शिवालय-२ बस्ने वर्ष २७ का प्रहरी जवान वीरबहादुर बस्नेत र दाङ सिजुवा गाउँपालिका-१ बस्ने वर्ष २८ का प्रहरी जवान हिमकान्त पुन मगरलाई पक्राउ गरी आज पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको हो ।

लुटपाटको खबरपछि खटिएको इलाका प्रहरी कार्यालय पालुङको टोलीले उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिए ।

प्रहरीले उनीहरूको साथबाट ६१.३० क्यारेटको बहुमूल्य पत्थर हिरा १२.२६० ग्राम एक थान, गोलीलोड भएको म्यागिजनसहितको चाइनिज पेस्तोल एक थान, विभिन्न कम्पनीका वाकीटकी सेट चार थान, क्यामरा एक थान, मेटल डिटेक्टर दुई थान, मोबाइल छ थान, ल्यापटप एक थान, वन्यजन्तुको सिङजस्तो देखिने वस्तु एक थान र लुटपाट गरी भाग्न प्रयोग गरिएको प्रदेश-३-०१-०१-००२२ च ३३६२ नंको कार बरामद गरेको छ ।

## मुक्तिनाथ र कागबेनी जान रोक

**काठमाडौं/मस-** हिमालपारिको जिल्ला मुस्ताङमा रहेका पवित्र धार्मिकस्थल मुक्तिनाथ मन्दिर, गुम्बा र पिण्ड दान गर्ने कागबेनी घाट अनिश्चितकालका लागि बन्द गरिएको छ । जिल्ला समन्वय समितिको कार्यालय जोमसोममा आइतबार बसेको मुक्तिनाथ विकास समितिको आकस्मिक बैठकले उक्त निर्णय गरेको हो ।



अर्को सूचना जारी नभएसम्मका लागि मुक्तिनाथ दर्शन र कागबेनी श्राद्ध स्थल प्रवेशमा रोक लगाइएको मुस्ताङका प्रजिअ तथा मुक्तिनाथ विकास समितिको अध्यक्ष वेदप्रसाद अर्यालले जानकारी दिए ।

मुक्तिनाथ मन्दिरमा दर्शनका लागि पुग्ने नेपाली र भारतीय पर्यटकको संख्यामा कमी नआउँदा कोभिड-१९ को जोखिम बढ्ने देखिएकाले सर्वपक्षीय बैठकले मंगलबारदेखि अनिश्चितकालका लागि उक्त धार्मिकस्थलमा धार्मिक पर्यटक आवतजावत बन्द गर्ने निर्णय गरेको हो ।

'२५ जनाभन्दा बढीको समूहमा नहिँड्ने भनेर सरकारले नै निर्देशन दिएको छ तर हामी अनुगमनमा जाँदा कागबेनी घाट, मुक्तिनाथ मन्दिर र बौद्ध गुम्बामा भीडभाड देख्यौं,' उनले भने, 'मुक्तिनाथ मन्दिर र कागबेनी घाटमा भारतीय तीर्थालुको उपस्थिति बाक्लो थियो । यही कारण बन्द गर्नुपरेको हो,' प्रजिअ अर्यालले बताए ।

मुस्ताङमा धेरै देशका पर्यटक जाने भएका कारण संक्रमित व्यक्ति छिर्न सक्ने भएकाले कोरोनाको सन्त्रास कायम रहने बेलासम्म धार्मिकस्थलहरू बन्द रहने वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष फेन्चोक छेप्तेन गुरुङले बताए ।

## प्रेस काउन्सिलद्वारा कोरोनासम्बन्धी निर्देशिका जारी

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले कोभिड-१९ को संक्रमणका समाचार संकलन गर्न सञ्चारमाध्यम र सञ्चारकर्मीका लागि निर्देशिका जारी गरेको छ । काउन्सिलले विश्वव्यापीरुपमा महामारीको रुप लिएको कोरोना भाइरसको संक्रमण सम्बन्धमा समाचार सामग्री प्रकाशन, प्रसारण गर्दा अपनाउनुपर्ने सावधानी र निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा महामारीलगायत जनस्वास्थ्यसँग सम्बन्धित समाचार सम्प्रेषण निर्देशिका- २०७६ जारी गरेको हो ।




निर्देशिका अनुसार पत्रकार तथा सञ्चारमाध्यमले कोरोना संक्रमणसम्बन्धी सत्यतथ्य र आधिकारिक स्रोत वा विषय विज्ञबाट पुष्टि भएका समाचार सामग्री मात्र सम्प्रेषण गर्ने, पत्रकार तथा सञ्चारमाध्यमले सामाजिक सञ्जालमार्फत् प्रवाह गर्ने कोरोना संक्रमणसम्बन्धी समाचार, लेख, सूचना वा जानकारी मर्यादित सत्य तथ्यपूर्ण र आधिकारिक हुनुपर्ने, सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताले प्रवाह गरेका कोरोना संक्रमणसम्बन्धी समाचार, जानकारी वा लेख र कमेन्टलाई शेयर, लाइक वा रिट्वीट गरी पुनः प्रकाशन गर्दा पत्रकार तथा सञ्चारमाध्यमले आफूले प्रकाशन गरे सरह आधिकारिकतासमेतको ख्याल गरी सम्प्रेषण गर्नुपर्ने उल्लेख गरिएको छ ।

यस्तै पत्रकार तथा सञ्चारमाध्यमले आशङ्कित वा संक्रमितको आशङ्का गरिएका वा संक्रमितको व्यक्तिगत गोपनीयतामा ध्यान दिनुपर्ने, कोरोना भाइरसको शङ्का भएकाको परिचय गोप्य राख्नुपर्ने, साथै संक्रमित व्यक्तिलाई नकारात्मक असर पार्नसक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण नगर्न, संक्रमित व्यक्तिको सचेत स्वीकृति र सम्बन्धित आधिकारिक स्रोतको अनुमति बिना परिचय सार्वजनिक गर्न नहुने कुरासमेत निर्देशिकामा उल्लेख गरिएको छ ।


यसैगरी पत्रकार तथा सञ्चारमाध्यमले कोरोना संक्रमणसम्बन्धी समाचार सामग्री प्रवाह गर्दा कोरोना भाइरसलाई कुनै देश, क्षेत्र वा समुदायसँग जोड्ने वा तिनका कारण फैलिएको भनेर आरोपित गर्न नहुने, कुनै पनि संक्रमित व्यक्तिलाई लाञ्छना वा व्यक्तिगत आरोप लगाउने गरी समाचार सम्प्रेषण गर्न नहुने, पत्रकार तथा सञ्चारमाध्यमले कोरोना संक्रमणसम्बन्धी समाचार सामग्री प्रवाह गर्दा नेपाल सरकारको आधिकारिक निकायबाट पुष्टि नभएका अनाधिकृत, गलत र अतिरञ्जनापूर्ण सूचना तथा हल्लालाई स्थान दिन नहुने, पाठक, स्रोता र दर्शकमा निराशा वा उत्तेजना हुन नदिन सदैव विशेष संवेदनशीलता र सतर्कता अपनाउनुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ ।

यसैगरी पत्रकार तथा सञ्चारमाध्यमले संक्रमित व्यक्तिका नातेदार वा नजिकका व्यक्तिको नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य उत्पादन, वितरण वा प्रकाशनप्रसारण गर्न नहुने, पत्रकार तथा सञ्चारमाध्यमले संक्रमण भई निधन भएका व्यक्तिका दृश्य एवं तस्बिर सम्प्रेषण गर्न नहुने, पत्रकार तथा सञ्चारमाध्यमले प्रवाह गरेका कोरोना संक्रमणसम्बन्धी समाचार सामग्रीमा कुनैपनि त्रुटि एवं गल्ती भेटिएमा यथाशीघ्र सच्याइ त्यसबारे सोही सञ्चारमाधयमबाट सार्वजनिक जानकारी गराउनुपर्ने उल्लेख गरिएको छ । निर्देशिकाको पत्रकार तथा सञ्चारमाध्यमले पालना गरे/नगरेको काउन्सिलले अनुगमन गरी आवश्यक कारवाही गर्नसक्नेसमेत उल्लेख गरिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# तनावमुक्त क्वारेन्टाइन

स्वास्थ्य मन्त्री भानुभक्त ढकालले पत्रकार सम्मेलन गरी नेपालमा पनि कोरोना भाइरसको संक्रमण देखिएको जनाएका छन् । केही समय यता कोरोनाको संक्रमण देखिएको अफवाह फैलाइएको पाइए पनि मन्त्री ढकालले नै पहिलो पटक संक्रमणबारे औपचारिक जानकारी दिएका हुन् । फ्रान्सबाट कतार हुँदै आएकी १९ वर्षीया एक विद्यार्थीलाई कोरोनाको संक्रमण देखिएको स्वास्थ्य मन्त्री ढकालले पुष्टि गरे । उनी चैत ४ गते काठमाडौं ओर्लिएकी थिइन् । उनको स्वास्थ्य रिपोर्टमा कोडिभ-१९ पोजिटिभ देखिएको छ । कोरोना संक्रमण देखिए पछि ती युवतीलाई अस्पताल भर्ना गरिएको छ ।

यसअगाडि पनि नेपालमा एक जनामा कोरोनाको संक्रमण देखिएको थियो । चीनबाट स्वदेश फर्किएका एक जनामा कोरोनाको संक्रमण देखिएको थियो । तर, त्यसबेला सरकारले औपचारिक जानकारी दिएको थिएन । ती संक्रमितलाई निको पनि भइसकेको छ । यसपटक भने चीन नभएर यूरोपेली मुलुकबाट स्वदेश फर्किएकी युवतीमा संक्रमण देखिएको छ । यूरोपेली मुलुकलाई कोरोनाको इपी सेन्टर नै मानिएकाले राजधानी उपत्यका सहित देशभर यसको त्रास देखिएको छ । तर, यस्तो बेला आतंकित भएर भन्दा पनि सचेत भएरै सोच्नुपर्ने हुन्छ । सरकारले राजधानी उपत्यका सहित देशभर कडा नियमको घोषणा गरेको छ । चीन र भारत सहित स्थलगत आवागमन सहित अन्तर्राष्ट्रिय उडान ठप्प पारेको छ । सरकारी कर्मचारीलाई समेत घरमै तैनाथ राखेर विदा दिइएको छ ।

चीनको हुपेई प्रान्तको वुहान शहर भएर फैलिएको कोरोना संक्रमणबाट विश्वका १८६ देश प्रभावित भइरहेका बेला राजधानी उपत्यकामै कोरोनाको संक्रमित देखिनु र सरकारले पनि कडा नीति अख्तियार गरेकाले सेल्फ क्वारेन्टाइनमा बस्नेको संख्या बढ्ने अनुमान गर्न सकिन्छ । सेल्फ क्वारेन्टाइन सहज विकल्प समेत हो । तर, क्वारेन्टाइन बस्न भने सजिलो छैन । दैनिकी अवरूद्ध हुने, रोजीरोटीको बाटो अवरूद्ध हुने र विशेषगरी बालबालिकामा यसको नराम्रो प्रभाव पर्न जान्छ । तर, यो बाध्यकारी विकल्पलाई सिर्जनात्मक बनाउनुको विकल्प रहन्न । रोकथामको उपचार नै सेल्फ क्वारेन्टाइन भएकाले यसबाट उत्पन्न मनोवैज्ञानिक त्रासबाट बृद्धबृद्धा एवम् बालबालिकालाई सहज बातावरण बनाउनु उचित हुनेछ । यस्ता महामारीबाट जोगिन सरकारले नेपाल लकडाउनकै घोषणा गरेको छ । यसले दैनिकी थप असहज हुने भए पनि घरभित्रै तनावमुक्त भएर सचेतता अपनाउन आवश्यक छ ।

## सामाजिक सञ्जाल



पायल्स निको पार्छु भन्दै रूमाल हम्मकने, कोरोना भगाउँछौ भन्दै शंख फुक्ने, जा करूणा जा भन्दै अलापविलाप गर्ने । यिनिहरू सबै एउटै ड्याँगका खडुसहरू हुन् । यस्ता खडुसहरूबाट आफूलाई पनि बचाउनोस् र अरूलाई पनि समयमा नै बचाउन सकेको मद्दत गरौं ।

**- गिरिस पोखरेल**



नेपाल र नेपालीलाई कोरोना नलाग्दा हजुरहरू दुखी नहुनुस् । रोगले नेकपा, काङ्ग्रेस, भन्दैन । हजुरहरूका बा–आमा पनि मेरा झैं बुढाबुढी नै हुनुहोला । सप्पै मिलेर कोशिस गर्ने हो । जे मा पनि आङ तानेर, घोत्रो फुलाएर बिरोध गरेर फाइदा कसैलाई छैन । सहयोग र सदबिचार राखौं ।

**– दिपक पौड्याल**



रजस्वलाको समयमा शारीरिक सम्बन्ध नराख्नु, काम नगर्नु, लोग्ने मान्छेले पनि नछुनु भनी बनाइएको नियम आजको आलोकमा हेर्दा पनि वैज्ञानिक नै छन् तर, प्राचीन प्रचलनका यथार्थ बुझ्न आजको विज्ञान र हिजोको ज्ञान एकैसाथ जोडेर भोलिको अवस्था देखाइदिने मान्छे चाहिएको छ ।

**– ज्योति कट्वाल**



कोरोना भाइरसको संभावित संक्रमण हुन सक्ने गंभिर अवस्थाबाट गुज्री रहेको समयमा हामी सबै एकवद्ध भएर लाग्नुको विकल्प छैन, कृपया गलत र अप्रमाणित सूचना वा समाचार प्रसारण, प्रकाशन वा प्रवाह नगरौ, सकरात्मक सोच प्रवाह गरौ, सतर्क र सजग रहौ, एकार्कालाई सहयोग गरौ ।

**– महेन्द्र गुरुङ**

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# किन पुग्न सक्दैनन् नेतृत्वमा महिला ?



■ सन्जिव कार्की

> नारी दिवसमा यो संकल्प सबै महिला अगुवा र महिला नेतामा हुनुपर्छ अन्यथा नेताले छुट्टायाएको कोटामा आफ्नो भाग सुरक्षित गर्न खोजेर महिला प्रतिनिधित्व र महिला मुक्ति हुन नसक्ने प्रष्ट छ ।

प्राकृतिक रूपमा नारी पुरुष भिन्न छन । असमान छन । आ-आफ्ना विशेष क्षमताले सुसज्जित छन् । तर नारा लाग्छ । नारी पुरुष बराबर हुन्, छन् र हुनुपर्छ । यो बिरोधाभाषपूर्ण समानताको नारासँग म असहमत छु । यद्यपि नारी अधिकार, नारी स्वतन्त्रता, नारी हक र नारी सुरक्षाको लागि मेरो आवाज सँधै उठ्छ ।

विशेष क्षमता र गुण नारीमा रहेको हुन्छ । यही विशेष गुणकै कारण शारीरिक क्षमतामा नारी पुरुषमा भिन्नता छ । पुरुषले जस्तै कडा शारीरिक परिश्रम सबै महिलाले गर्न सक्दैनन् । तर केही महिलाले पुरुषले भन्दा ज्यादा कठिन शारीरिक क्षमता प्रदर्शन गर्न सक्छन् । यसको अर्थ यो होइन कि नारी र पुरुष बराबर शारीरिक क्षमताका हुन्छन् ।

मलाई लाग्छ असमान तर विशेष भूमिका र फरक-फरक क्षमताले स्त्री र पुरुष भिन्न छन् । महिलाको सबाल र पीडा बुझ्न महिला हुनु आवश्यक हो । तर सबल र सक्षम महिला अत्यावश्यक हुन्छ । यहाँ कोरम पुऱ्याउन र समावेशी देखाउन मात्रै हर स्थान र हर क्षेत्रमा महिला प्रतिनिधित्व गराइन्छ, जुन सर्बथा अनुचित र अस्वाभाविक हो ।

निर्णय क्षमता विहिन नारीलाई प्रतिनिधित्व गराएर नारी हक र अस्मिता छिन्ने निर्णय गराउन लगाउने परिपाटी हानीकारक छ । प्रतिनिधित्व थोरै रहोस्, तर निर्णय क्षमता प्रवल होस । आम नारीले ध्यान दिनुपर्ने र स्मरणमा राख्नुपर्ने कुरा के हो भने प्रतिनिधित्व अहम विषय होइन प्रभावकारी र हस्तक्षेपकारी प्रतिनिधित्व चाँहि मुख्य सबाल हो ।

यहाँ नारीलगायत जात जातिको प्रतिनिधित्व केवल ल्याप्चे लगाउन र छडके किनाराको साक्षी बस्न मात्रै प्रयोग र उपयोग गरेको पाइन्छ । आफ्नो समुदाय, आफ्नो वर्ग र क्षेत्रको पक्षमा बोल्न लेख्न र हस्तक्षेप गर्न नसक्ने प्रतिनिधित्व र समावेशीता केवल विधान र संविधानको प्राबधान उलंघन गरेको नदेखिन र कारवाहीबाट बच्न मात्र सहयोगी हुनेछ ।

महिला र विभिन्न जातजातिको प्रतिनिधित्व देखाएर कुटिल राजनीति गर्न छक्काउन भुलाउन काम लाग्छ वास्तविक पीडामा मलम लगाउन सक्दैन । प्रतिनिधित्वले व्यक्तिको उन्नति होला हुन सक्ला । तर सबल र सक्षम प्रतिनिधित्वले मात्रै महिला समुदायको हित गर्न सक्छ । समग्र महिलाको ध्यान दिन सक्छ समुदायको हितको पक्षमा निर्णय गराउन सक्छ ।

समानता, स्वतन्त्रता र स्वाधीनता केवल शब्दमा आदर्श फलाक्न देख्न पाइन्छ तर व्यबहारमा पाउन सँधै कठिन छ । नारी माथि शोषण दमन अन्याय र अत्याचार गरिने संस्कार हाम्रो देशमा मात्रै होइन, छैन विगतदेखि नै नारीलाई दोश्रो दर्जाको नागरिक ठान्दै आइएको सत्य हो आज पनि संविधान र नियम कानुनमा बराबरी र समान हैसियत लेखिए पनि व्यबहारस्यो लागू भएको छैन ।

पुरुषवादी मानसिकताबाट महिलालाई आज पर्यन्त हेयको दृष्टि राख्छ । जनप्रतिनिधि मुलक संस्थामा नारीको प्रतिनिधित्व आकर्षक नारा बनेको छ । स्थानीय निकायमा करिब ४१ प्रतिशत प्रतिनिधित्वको हौवा फिजाएर अन्यत्र ३३ प्रतिशत



सुनिश्चितता केन्द्रिय मन्त्रीमण्डल गठन गर्दादेखि प्रदेस स्तरीय मन्त्रीमण्डलसम्ममा पुऱ्याउन सकिएको छैन ।

पार्टीहरुको केन्द्रिय नेतृत्वमा पनि महिला प्रतिनिधित्वको सबालमा बिजोग छ । तर पनि महिला अधिकार र महिला मुक्तिको कुरा पार्टीहरु लाज नमानेर नै गर्छन् । महिलाहरु पत्याएर नै पार्टीको पछि लाग्छन् र नयाँ रुप र स्वरुपमा ठगीमा पर्छन् । आफ्ना लागि र आफ्नो समुदायका लागि महिलाहरुले के बुझ्नु जरुरी हुन्छ भने पार्टीको बधुवा मजदुर र कमरा कमारी जस्तै बनेर विवेक बन्धक राखेर पार्टी ह्वीपमा सरण पर्दा महिलाले महिलाको बारेमा निर्णय गर्न सक्तैनन् र महिला मुक्तिको आन्दोलनले छिटो गन्तव्य पाउन सक्दैन ।

आफ्नो पार्टीको कमजोर पुरुषलाई भोट दिने अरु पार्टी र स्वतन्त्र तर अब्बल नारीलाई भोट नदिने नारी र महिलाअधिकारकर्मीले नारी दिवस र महिला प्रतिनिधित्व पुगेन भनेर चिच्याउनु हास्यास्पद छ । सार्थक नारी अधिकारको पक्षमा रहने सबै नर नारीहरुलाई नारी दिवसले रचनात्मक र सिर्जनात्मक सहयोगी अनि परस्परमा विश्वासयोग्य बन्न प्रेरित गरेर महिला अधिकारको रक्षार्थ पार्टीको बन्धन र साँङ्लो चुढाएर स्वतन्त्र विवेकको प्रयोग गर्न सक्नुपर्छ ।

नारी दिवसमा यो संकल्प सबै महिला अगुवा र महिला नेतामा हुनुपर्छ अन्यथा नेताले छुट्टायाएको कोटामा आफ्नो भाग सुरक्षित गर्न खोजेर महिला प्रतिनिधित्व र महिला मुक्ति हुन नसक्ने प्रष्ट छ । महिलाहरु आफ्ना कमजोरीको कारण पनि नेतृत्वदायी पदमा पुग्न सक्तैनन् जसको उदाहरण शिवमाया तुम्बाहाम्फेको सभामुख पदमा रोकावट रहयो । संसद भित्र र बाहिरका सबै महिलाहरूले, महिलाअधिकारवादीले एक स्वर र एक मुखमा बोल्नुपर्नेमा स्वंय नेकपा भित्रका महिलाहरूले समेत एक भएर बोल्न सकेनन् ।

पार्टीलाई दवाव दिन सकेनन । उल्टो गुटगत राजनीतिको शिकार बनेर सभामुखमा महिला पुग्ने अवसरमा घात गरे । सबल र सक्षम महिला उम्मेद्वार छोडेर कमजोर पुरुष पात्रलाई भोट गर्ने पार्टीहरुको ह्विप र लगाम रहुन्जेल, पार्टीको त्यो टाइपको दासता स्वीकारगरुन्जेल महिला स्वतन्त्रता र समानताको आन्दोलन निर्बल र विचरा बनिरहन्छ ।

मौसमी नारीवाद र नारी अधिकारकर्मीहरुले सदावहार महिला अधिकार कर्मीमा आफूलाई रुपान्तरण गरेर गम्भीर समीक्षा नगरेसम्म आज नारीहरु जुन हबिगत र अवस्थामा छन अरु दशकौ यस्तै अवस्था रहन सक्छ । 'इक्वोल फर एभ्रीवन' अर्थात् 'प्रत्येकका लागि समान' नारा दिएर हरेक वर्ष जस्तै यो वर्षपनि अन्तर्राष्ट्रिय नारी दिवस संसारभरी मनाइएको छ ।

संयुक्त राष्ट्र संघले यस वर्षको नारा 'म आत्मसात गर्दैछु महिला अधिकार समानता दशक' राखेको छ । यसको पालना शासन प्रशासन र घर मुलिको डाडु पन्यू लिएर बसेका आम पुरुषले आफ्नो घर देखि कार्यलयसम्म गर्नुपर्ने देखिन्छ । पुरुषले मेरो हक खोज्न आएकी भनेर महिलालाई बुझ्ने र सो मुताबिक व्यबहार गरेको कारण महिलाहरुको हक र स्वतन्त्रता कुन्ठित भएको यथार्थ मनन गरेर जानुमा सामाजिक न्याय प्रतिबिम्बित हुन सक्छ । महिलालाई प्रोत्साहन, महिलालाई अधिकार, महिलालाई शिक्षा र महिलालाई अवसर प्रदान गर्न सकियो भने घर, समाज सभ्य र देश सभ्य हुने वास्तविकता नभुलौं ।

सन् १९१० मा डेनमार्कको राजधानी कोपनहेगनमा भएको विभिन्न देशका समाजवादी महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले हरेक वर्ष विश्वभर ८ मार्चलाई श्रमिक महिला दिवसको रूपमा मनाउन माग गर्यो ।

सन १९११ मा रास्ट्रसंघले उक्त प्रस्ताव पारित गरि मनाउन सुरु गरे यता मार्च ८ लाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउँदै आइएको छ । सन् १८५७ मा अमेरिकाको गार्मेन्ट कारखानामा काम गर्ने श्रमिक महिलाहरुले कामको आधारमा निश्चित ज्यालाको मागसहित गरेको प्रदर्शनलाई विश्वका महिलाहरुको आन्दोलनको सुरुवातको रुपमा लिने गरिएको छ ।

आज पनि नेपालमा महिला र पुरुषले सामान काममा पाउने ज्याला असमान छ । दैनिक १७ घन्टा काम गरेपनी कामको मुल्यांकन छैन । श्रम र ज्यालामा भएको असमानताको अन्त्य नहुँदा सम्म लैंगिक हिंसा पनि अन्त्य हुँदैन । यहि सत्यलाई बोध गर्दै यस बर्ष महिला रोकिए संसार रोकिन्छ भन्ने नारा लिएर बिबिध कार्यक्रम हुनेछ । सन्तान उत्पादन देखी सबै कामहरुमा महिला रोकिने हो भने पक्का संसार रोकिन्छ । त्यसैले महिलाको मावनअधिकारको सम्मान गरौं ।

# उपभोक्तावाद र सामाजिक उत्तरदायित्वको प्रश्न



रिसव गौतम

व्यावसायिक संगठनको आधारभूमि समाज नै हो । व्यवसायको अस्तित्व समाज रहे मात्र रहन्छ । समाज नरहे व्यवसाय र आर्थिक क्रियाकलाप अवश्य रहँदैन । अर्थात् व्यावसायिक संगठनहरूले आफ्ना सम्पूर्ण गतिविधि समाजमा नै गर्छन् । समाजलाई आफ्नो नाफा आर्जन गर्नेदेखि सारा उद्देश्य पूरा गर्ने आधार व्यवसायले बनाएको हुन्छ । तसर्थ समाजप्रति व्यावसायिक संगठनहरूको अधिकदायित्व हुने गर्छ ।

व्यवसायले समाजमा रहेर उपभोक्ता, सरकार, कर्मचारी र आफैंप्रतिको सामाजिक उत्तरदायित्व बहन गर्छ । नेपालमा पनि पछिल्ला वर्षहरूमा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रम बढ्दै गएको देखिन्छ । यसरी व्यवसायले समाजमा गरेको गतिविधिको अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्ने कार्य सामाजिक लेखा परीक्षण हो । सामाजिक लेखा परीक्षणले व्यवसायहरूले कसरी सामाजिक दायित्व निर्वाह गर्दै आएका छन् भन्ने अनुगमन गरी विवरण तयार गर्ने कार्यसँग सम्बन्धी राख्छ । यस्तो लेखा आन्तरिक एवं बाह्य गरी दुई प्रकारका हुन्छन् । अर्थात् मूल्याङ्कनगर्ने बाह्य सामाजिक लेखा परीक्षण आवश्यक हुन्छ ।

सामाजिक लेखा परीक्षण सम्बन्धमा विद्वान् बाउर र फेनले भनेका छन्, "सामाजिक लेखा परीक्षणबाट वचनबद्ध एवं व्यवस्थित रुपमा मूल्याङ्कन गर्ने र कम्पनीको क्रियाकलापबाट भएका महत्वपूर्ण विषयहरूको प्रतिवेदन तयार गरिन्छ, जसबाट समाजमा प्रभाव पारेको हुन्छ ।"

अर्का विद्वान् केथ डाभिज र रवर्ट ब्लाभस्ट्रोमले भनेका छन्, "सामाजिक लेखा परीक्षण एक व्यवस्थित अध्ययन हो, संगठनको सामाजिक कार्य सम्पादन मूल्याङ्कन गरिन्छ जुन आर्थिक कार्य सम्पादनभन्दा भिन्न छ ।"

यसरी सामाजिक लेखा परीक्षण व्यवसायले सामाजिक दायित्व निर्वाह गर्नु कार्यसँग सम्बन्धित छ । व्यवसायले सामाजिक पृष्ठभूमिमा आफूलाई कायम राखेर समाजका लागि के-कस्तो कार्य गऱ्यो भन्ने कुराको मूल्याङ्कन विवरण नै सामाजिक लेखा परीक्षण हो । यस्तो लेखा परीक्षण कार्यमानसँग तुलना गरी तथ्याङ्क संकलन गर्न, कार्य सम्पादनमा सजग रहन, लाभ-लागत विश्लेषण गर्न गर्ने गरिन्छ । आजको व्यावसायिक युगमा व्यावसायिक संस्थाहरूले सामाजिक उत्तरदायित्व पूरा गर्दै आएको पाइन्छन् । नेपालको हकमा पनि त्यो खालको सुरुवात र प्रयास भएकै छन् । यद्यपि प्रभावकारी भने हुन सकेका छैनन् । त्यसका धेरै कारण छन्, अहिलेलाई त्यसतर्फ नजाऔं ।

सामाजिक लेखा परीक्षणलाई दुई भगमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ । एउटा अनिवार्य लेखा परीक्षण र अर्को ऐच्छिक लेखा परीक्षण । अनिवार्य लेखा परीक्षण सरकारद्वारा नीति-नियमका आधारमा संगठनहरूलाई अनिवार्य सामाजिक लेखा परीक्षण गर्न लगाइन्छ । प्रदूषण नियन्त्रण, समान रोजगारी र वस्तु सम्पादन आवश्यकताको मुद्दामा यस्तो लेखा परीक्षण केन्द्रित हुन्छ । ऐच्छिक सामाजिक लेखा परीक्षण भने व्यवसायले इच्छाले जनविश्वास आर्जन गर्ने गर्छ । मूलतः शिक्षा, बिक्रीपछिको सेवा, सार्वजनिक जनचेतनाजस्ता कुराहरू यसमा केन्द्रित भएको पाइन्छ । नेपालमा पनि राष्ट्र बैंकले बैंक तथा वित्तीय क्षेत्रहरूलाई अनिवार्य सामाजिक उत्तरदायित्वको प्रावधान लागू गरेको छ । पछिल्लो मौद्रिक नीतिमार्फत सामाजिक उत्तरदायित्वअर्न्तगत बैंकहरूले खर्च गर्ने रकममध्ये केही निश्चित प्रतिशत रकम प्रदेशहरूमा पनि खर्च गर्नुपर्ने अनिवार्य प्रावधान राष्ट्र बैंकले ल्याएको छ । तर, कतिपय बैंक तथा वित्तिय संघ-सस्थाहरूले भने यसरी सामाजिक उत्तरदायित्व बहन गर्ने गरी भन्दा देखावटी हिसाबले मात्रै खर्च गरिरहेका छन् । अझ अघि बढेर भन्दा सही सबुत ठाउँ खोजेर खर्च गर्ने भन्दा बढी प्रचार गर्ने कामजसो बढी गरिरहेका छन् । बैंकहरूले कमाउने भन्दा बढी ध्येय अरू राखिरहेका छैनन् । एउटा पब्लिक कम्पनीले आफू निहित समाजको वरपर आम्दानीको केही अंश निशंकोच खर्च गर्नु उसको दायित्व नै हो । तर, नेपलमा यसरी उत्तरदायित्व बहन गर्ने कुरालाई बोझका रूपमा पनि लिइएको देखिन्छ ।

### उपभोक्तावाद र सामाजिक उत्तरदायित्वको सम्बन्ध

उपभोक्तावाद वर्तमान विश्वको जल्दोबल्दो मुद्दा हो । अमेरिकी भूतपूर्व राष्ट्रपति एवं जोन एफ केनेडीले १५ मार्च १९६२ मा चारवटा उपभोक्ता अधिकार निर्णय गरेको ऐतिहासिक दिन हो । ती हुन्– ज्यान र स्वास्थ्यका लागि खतरनाक वस्तुहरूको बिक्रीबाट सुरक्षित हुने अधिकार, छनोट गर्ने अधिकार, सुसूचित हुने अधिकार, सुनुवाइको अधिकार । यस्ता अधिकार उपभोक्ताले सुनिश्चित भएको पाउनु नै उपभोक्तावाद भन्ने गरिन्छ । व्यावसायिक गतिविधिमा देखिने नकारात्मक क्रियाकलापमा कालोबजारी, कृत्रिम अभाव सिर्जना, अनावश्यकमूल्य वृद्धि, कमतौल, मिसावट, अखाद्य वस्तुको प्रयोग, गहन सूचना-प्रवाह, सामाजिक मान्यताविरुद्ध ओर्लनु आदि उपभोक्तावाद विरुद्धका क्रियाकलापहरू हुन् । यस्तै अनैतिक व्यावसायिक क्रियाकलापहरू नेपालमा जति सायदै अन्त कुनै देशमा होलान् । तर, नेपालमा यस्ता क्रियाकलाप रोक्न जुनै पनि सरकार र मन्त्रीहरूले सकिरहेका छैनन् । त्यसको आन्तरिक कारणहरू के-के होलान्, त्यो आफ्नो ठाउँमा छ । यस्तै क्रियाकलापविरुद्ध विश्वव्यापी आन्दोलन प्रारम्भ भएको पाइन्छ । खासगरी यस्तै क्रियाकलापविरुद्ध उठ्ने आवाज नै उपभोक्तावाद हो । सामान्यतया उपभोक्तावाद र सामाजिक उत्तरदायित्वबीच गहिरो सम्बन्ध रहेको हुन्छ । सामाजिक उत्तरदायित्वअन्तर्गतका क्रियाकलाप पूरा नभएपछि उपभोक्ताबाट गुनासा र आवाजहरू उठ्न थाल्छन् । अर्थात् उपभोक्ताहरूले उठाउने हक-हितका कुराहरू नै सामाजिक उत्तरदायित्वभित्र पर्छन् ।

आजको विश्वमा उपभोक्ताले नै नयाँ-नयाँ वस्तु तथा सेवाको माग र बजार सिर्जना गर्छन् । उपभोक्ताले वस्तु आकर्षण बढाएर वस्तु खरिद गर्न सुरु गर्दा मात्र माग बढ्ने हुन्छ । यदि अत्यधिक मूल्य वृद्धि भएमा उपभोक्ताले मध्यस्थ वस्तुको खोजी गर्न सक्छन् । यसरी उपभोक्ताहरूको क्रियाकलाप आर्थिक रूपमा केन्द्रित हुन्छन् । समग्रमा भन्दा व्यवसायको सम्पूर्ण क्रियाकलाप उपभोक्तामा नै निर्भर गर्छ । त्यसर्थ संगठनले उपभोक्ताको आवश्यकता चाहना, हकहितलाई केन्द्रबिन्दु बनाएर कार्य गर्नुपर्छ । उपभोक्ताको हित संरक्षण गर्नु, गुणस्तरीय एवं कममूल्यमा वस्तु उपलब्ध गराउनु, आवश्यक सेवा प्रदान गर्नुका साथै ग्राहकका हक संरक्षण गनुव्यावसायिक संगठनको उत्तरदायित्व हो । यसबाट स्पष्ट हुन्छ कि उपभोक्तावाद र सामाजिक उत्तरदायित्वबीच गहिरो सम्बन्ध कायम भएको हुन्छ ।

तर नेपालमा अन्तरसम्बन्धित यी दुवै विषय प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन । न त उपभोक्तावाद लागू भएको छ, न त व्यावसायिक संघ-संगठनहरूले सामाजिक उत्तरदायित्व नै वहन गरेका छन् । यदि गरेका छन् भने पनि धेरैजसो त्यसलाई प्रचार र प्रपोगाण्डाको विषय बनाएका छन् । ग्राहक तथा उपभोक्ताहरूले आफ्नो हकहितका कुराहरूमा निसंकोच आवाज उठाउन नसक्नु, कसैले उठाइ हाले पनि त्यसलाई सर्मथन नगरिनु र जसले जे गरे पनि सहेरै मात्र बस्ने परिपाटीको विकास हुँदै गएकाले पनि व्यावसायिक अनियमितता एवं ठगी बढिरहेको छ । त्यसकारण उपभोक्ता हित, जागरण र सामाजिक उत्तरदायित्वको विषयमा राज्य, सरोकारवाला निकाय र आम सर्वसाधारणको नै ध्यानाकर्षण हुन जरुरी देखिन्छ । एउटा सचेत नागरिकले आफूले प्रयोग गर्ने वस्तु, सेवाको गुणस्तर प्रभावकारी भए नभएको थाहा पाउनु र स्वास्थ्यका दृष्टिले पनि त्यसलाई केलाएर हेर्नु, ऐन कानुनअनुसार उपभोक्ता हकहितबारे आवाज उठाउन सक्नु आजको आवश्यकता हो । अनि मात्र उपभोक्ता र समाजको हित हुन सक्छ ।

# कोरोनाले विश्व नै आक्रान्त, मृत्यु हुनेको संख्या १५ हजार नाघ्यो

**जेनेभा/एजेन्सी–** विश्वभरि महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसको सङ्क्रमणको कारण सोमबारसम्म १५ हजार ३ सय ६१ व्यक्तिको मृत्यु भएको छ।



विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको विवरणअनुसार संसारभरि तीन लाख ४० हजार ३२ जना कोरोना भाइरस सङ्क्रमित भएका छन्।

सङ्क्रमित व्यक्तिमा ९९ हजार १६ जना उपचारपछि घर फर्किएका छन्। दुई लाख २६ हजार ३१२ व्यक्ति हाल सङ्क्रमित रहेका छन्। कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १९२ भन्दा बढी देशमा देखा परीसकेको छ।

चीनको हुबेई प्रान्तको उहान शहरबाट शुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ।

चीनको हुबेई प्रान्तको उहानबाट शुरु भएको यस कोरोना भाइरस सङ्क्रमणबाट चीनभरि तीन हजार २७२ व्यक्तिको मृत्यु भएको छ भने, ८१ हजार ९३ जना सङ्क्रमित रहेका छन्।

हाल कोरोना भाइरसका कारण अत्यन्त प्रभावित भएको इटालीमा यस रोगको सङ्क्रमणको कारण पाँच हजार ४७६ व्यक्तिको मृत्यु भएको छ। हाल ५९ हजार १३८ जना सङ्क्रमित रहेका छन्। सोमबार प्राप्त एक समाचारका अनुसार सात हजार २४ व्यक्ति उपचारपछि घर फर्किएका छन्।

इरानमा कोरोना भाइरसको सङ्क्रमणको कारण एक हजार ६८५ व्यक्तिको मृत्यु भएको छ। हाल २१ हजार ६८५ जना सङ्क्रमित रहेका छन्। सात हजार ९१३ व्यक्ति उपचारपछि घर फर्किएका बताइएको छ।

कोरोना भाइरसको सङ्क्रमणको कारण स्पेनमा १ हजार ७७२ व्यक्तिको मृत्यु भएको छ। हाल २८ हजार ७६८ जना सङ्क्रमित रहेका छन्। सोमबार प्राप्त एक समाचारका अनुसार दुई हजार ५७५ व्यक्ति उपचारपछि निको भएर घर फर्किएका छन्।

जर्मनी कोरोना भाइरसको सङ्क्रमणको कारण ९४ व्यक्तिको मृत्यु भएको छ। हाल २४ हजार ८७३ जना सङ्क्रमित रहेका छन्। सोमबार प्राप्त एक समाचारका अनुसार २६६ उपचारपछि निको भएर घर फर्किएका छन्।

संयुक्त राज्य अमेरिकामा कोरोना भाइरस सङ्क्रमणका कारण ४५७ व्यक्तिको मृत्यु भएको छ। हाल ३५ हजार ६० जना सङ्क्रमित भने १७८ उपचारपछि निको भएर घर फर्किएका छन्।

फ्रान्समा कोरोना भाइरस सङ्क्रमणको कारण ६७४ व्यक्तिको मृत्यु भएको छ। हाल १६ हजार १८ जना सङ्क्रमित रहेका छन्। एक हजार २९५ उपचारपछि निको भएर घर फर्किएका छन्।

दक्षिण कोरियामा कोरोना भाइरस सङ्क्रमणको कारण १११ व्यक्तिको मृत्यु भएको छ। आठ हजार ९६१ सङ्क्रमित भएका छन्। सोमबार प्राप्त एक समाचारका अनुसार तीन हजार १६६ उपचारपछि निको भएर घर फर्किएका छन्।

स्विट्जरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण ९८ व्यक्तिको मृत्यु भएको छ। सात हजार ७२४ सङ्क्रमित भएका छन्। यसैबीच १३१ जना भने उपचारपछि घर फर्किएका छन्।

बेलायतमा कोरोना भाइरस सङ्क्रमणको कारण २८१ व्यक्तिको मृत्यु भएको छ। पाँच हजार ६८३ सङ्क्रमित भएका छन्। यसैबीच १३५ जना भने उपचारपछि निको भएर घर फर्किएका छन्।

नेदरल्याण्डमा कोरोना भाइरस सङ्क्रमणको कारण १७९ व्यक्तिको मृत्यु भएको छ। चार हजार २०४ सङ्क्रमित भएका छन्। यसैबीच २ जना भने उपचारपछि निको भएर घर फर्किएका छन्।


अष्ट्रियामा कोरोना भाइरस सङ्क्रमणको कारण १६ व्यक्तिको मृत्यु भएको छ। तीन हजार ६१९ सङ्क्रमित भएका छन्। यसैबीच ९ जना भने उपचारपछि निको भएर घर फर्किएका छन्।

बेल्जियममा कोरोना भाइरस सङ्क्रमणको कारण ७५ व्यक्तिको मृत्यु भएको छ। तीन हजार ४०१ सङ्क्रमित भएका छन्। यसैबीच ३४० जना भने उपचारपछि निको भएर घर फर्किएका छन्।

भारतमा हालसम्म कोरोनाभाइरस सङ्क्रमणबाट सात व्यक्तिको मृत्यु भएको छ। अफगानिस्तानमा ४० मा सङ्क्रमण देखिएको र एकको मृत्यु भएको छ।

# कारागार तोड्न खोज्दा २३ को मृत्यु

**बोगोटा/एजेन्सी–** कोलम्बियाको राजधानी बोगोटामा अवस्थित एक कारागार तोड्न खोज्दा भएको झडपमा परी कम्तीमा २३ व्यक्तिको मृत्यु भएको छ।



यस झडपमा परी अन्य ८३ जना घाइते भएका र तीमध्ये ३२ जनालाई अस्पताल भर्ना गरिएको कानूनमन्त्री मार्गारिता क्याबोलोले आइतबार बताएका छन्।

आज देशका लागि अत्यन्त कष्टकर दिन भएको र गत राति ला मोडलो कारागारबाट ठूलो आपराधिक समूह भाग्न खोज्दा २३ को मृत्यु भएको क्याबोलोले बताए।

जेलका सात गार्डसहित जेल संस्थानका अधिकारी पनि घाइते भएका छन्। तीमध्ये दुईजनाको अवस्था गम्भीर रहेको क्याबोलोले बताए।

शनिबार राति पनि कोलम्बियाका अन्य धेरै जेलहरूमा दङ्गा फैलिएको र कोरोना भाइरसको सङ्क्रमणको कारण जेलबाट छुट्नु पर्ने कैदीहरुको माग रहेको मन्त्रीले बताए।

त्यहाँबाट कोही पनि भाग्न नसकेका एउटा आपराधिक योजना असफल भएको मन्त्रीले जानकारी दिए।

जेलमा कोरोना भाइरस सम्बन्धि कुनै समस्या नभएको र हालसम्म सङ्क्रमणको कुनै व्यक्ति नभेटिएका पनि मन्त्रीले बताए। कैदी प्रशासक वा गार्ड कोही पनि भाइरस सङ्क्रमणको कारण छुट्टिएर नबसेको उनले बताए।

# मार्केल पनि क्वारन्टाइनमा

**बर्लिन/एजेन्सी–** विश्वमा महामारीका रुपमा फैलिएको कोरोना भाइरस महामारी फैलिन नदिने उद्देश्यले जर्मनीले घर तथा कार्यालयबाहेक अन्य स्थानमा दुईजनाभन्दा धेरै जम्मा हुन नपाइने नियम लागू गरेको छ।



यसैबीच त्यहाँ जर्मनीका चान्सलर एन्जेला मार्केलको सम्पर्कमा आएका एक चिकित्सकलाई कोरोना भाइरस सङ्क्रमण भएको थाहा भएपछि मार्केल क्वारन्टाइन अर्थात् एकान्तवासमा बसेकी छन्।

कोरोना भाइरस प्रकोप नियन्त्रणका जर्मनीमा दुईजनाभन्दा धेरैको सार्वजनिक जमघटमा प्रतिबन्ध लगाएको छ। टेलभिजनमा सम्बोधन गर्नु हुँदै चान्सलर मार्केलले सङ्क्रमणको दर घटाउन आफ्नै व्यवहार सबभन्दा प्रभावकारी माध्यम भएको बताइन्।

सार्वजनिक स्थानमा एक अर्काभन्दा डेढ मिटर, अझ दुई मिटरको दूरीमा रहनुपर्ने अनिवार्य गरिएको नयाँ नियमहरू निकै नै कडा रहेका छन्। कार्यालय वा चिकित्सक कहाँ जान सकिने र स्वच्छ हावाका लागि एक्लै बाहिर निस्किन सकिने तर अन्य लगभग सबै सार्वजनिक जमघट प्रतिबन्धित गरिएको समाचारमा जनाइएको छ।

चान्सलर सम्बोधन गर्नुभएको केही समयपछि उनको कार्यालयले उनी स्वयम् क्वारन्टाइनमा बस्ने निर्णय भएको बताइएको थियो।

गत शुक्रवार उनलाई निमोनियाको खोप दिएका एक चिकित्सकमा कोराना भाइरस सङ्क्रमण भएको पाइएपछि उनी आफैँ क्वारेन्टाइनमा बस्नुपरेको हो।

जर्मनीमा कोरोना भाइरस सङ्क्रमणको कारण ९४ व्यक्तिको मृत्यु भएको छ। हाल २४ हजार ८७३ जना सङ्क्रमित रहेका छन्। सोमबार प्राप्त एक समाचारका अनुसार २६६ उपचारपछि निको भएर घर फर्किएका छन्।

# अमेरिकी विदेशमन्त्री पोम्पेओ काबुलमा

**काबुल/एजेन्सी–** अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ सोमबार अफगानिस्तानको राजधानी काबुल पुगेका छन्।

अफगानिस्तानमा तालिबान विद्रोहीका कारण बढ्दो हिंसा, राजनीतिक अस्थिरता र बढ्दो कोरोना भाइरसको सङ्क्रमणका कारण अफगानिस्तानको अप्ठेरो अवस्थाबीच उनी काबुल पुगेका हुन्।

केही समय पहिले शान्तिवार्ताका लागि सहमति भएको भए पनि विकसित पछिल्लो घटनाक्रमका कारण यहाँको शान्ति प्रक्रिया पनि थप खतरामा परेको बताइएको छ।

पोम्पेओले अफगानिस्तानका राष्ट्रपति असरफ घानी र अब्दुल्ला अब्दुल्लाहसँग भेट गरेका थिए। अब्दुल्ला अब्दुल्लाहले गत वर्षको चुनावमा राष्ट्रपति पदमा विजयी भएको दाबी गरेका छन्।

तालिबानसँगको हालै भएको वार्तामा प्रमुख भूमिका निर्वाह गरेका राजदूत जाल्मे खालिलजादले पोम्पेओलाई काबुल एयरपोर्टमा पुगेपछि स्वागत गरेका थिए।

# ट्रम्पको एक खर्ब डलरको आर्थिक प्याकेज तुहियो

**वासिङ्टन/एजेन्सी–** कोरोनाभाइरसका कारण समस्यामा परेको अमेरिकी अर्थव्यवस्थाको उद्धारका लागि भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा अमेरिकी माथिल्लो सदन सिनेटमा प्रस्तुत एक खर्ब अमेरिकी डलरको एक प्रस्ताव बहुमत नपुग्दा तुहिएको छ। उक्त प्रस्तावको विपक्षमा रहेका डेमोक्रेटिक पार्टीका सदस्यहरुले मतदानमा भाग लिएका थिएनन् भने रिपब्लीकन पार्टीका पाँच सदस्य कोरोनाभाइरसको संक्रमणको आशंकामा क्वारेन्टाइनमा रहेका कारण सिनेटको मतदानमा उपस्थित हुन पाएका थिएनन्।



डेमोक्रेट्सका सांसदहरुले रिपब्लिकन पार्टीले अघि सारेको योजनाले लाखौं अमेरिकी कामदारलाई पर्याप्त संरक्षण गर्न नसक्ने आरोप लगाएका थिए। उनीहरुको भनाइमा कोरोनाभाइरसबाट संक्रमित व्यक्तिलाई आवश्यक पर्ने स्वास्थ्य सेवा उपलब्ध गराउन पनि प्रस्तावित योजना असफल रहेको छ।

विधेयकमा अमेरिकी परिवार र हजारौं बन्द उद्योग व्यवसायलाई मद्दत गर्न झन्डै एक खर्ब ७० अर्ब वा सोभन्दा बढी रकम खर्च गर्ने प्रस्ताव गरिएको थियो।

रिपब्लिकन, डेमोक्रेट्स र राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनबीच गहन वार्ताका बाबजुद सिनेटमा भएको मतदानमा पक्ष र विपक्षमा बराबर अर्थात् ४७-४७ मत परेको थियो। उक्त विधेयक पारित गर्न १०० सदस्यीय सिनेटमा ६० मत आवश्यक पर्ने व्यवस्था छ।

सिनेटर र्यान्ड पल समेतका पाँच जना रिपब्लिकन सिनेटरहरु अहिले स्व-क्वारेन्टाइनमा छन्। उनीहरु सिनेटको मतदानमा उपस्थित हुनु भएको थिएन। सिनेटर पलले आइतबार आफूलाई कोविड १९ सक्रमण भएको घोषणा गरेका थिए।

आर्थिक सहयोगको उक्त विधेयक पारित गर्न आइतबार विस्तृत छलफल भए पनि सहमति जुट्न सकेको थिएन।

सिनेटमा वरिष्ट डेमोक्रेट्स सदस्य चक सुमर र अमेरिकी अर्थमन्त्री स्टिभन मुन्चिनबीच 'आर्थिक प्याकेजमा सहमति जुटाउन राती अबेरसम्म वार्ता भएको' सुमरका एक प्रवक्ताले बताए।

सिनेटमा सहमति हुन नसक्दा त्यसको पहिलो असर सोमबारको अमेरिकी शेयर बजारको कारोबारमा देखिने छ। पछिल्ला दुई महिनामा नै अमेरिकी शेयर बजार डाउजोन्समा झण्डै १० हजार अंकको गिरावट आइसकेको छ।

पछिल्ला दिनहरुमा मुख्य अमेरिकी स्टक एक्सचेन्जमा चार प्रतिशत वा सोभन्दा बढी घट्दै गएको छ। वाल स्ट्रिटको कारोबार सोमबार निकै घट्ने अनुमान गरिएको छ। हङकङ शेयर बजार सोमबार पाँच प्रतिशतले घटेको थियो। सिनेटका बहुमत पक्षका नेता मिच म्याकोनेलले आर्थिक प्याकेज पारित नभएपछि डेमोक्रेटिक पार्टीमाथि चर्को आलोचना गर्नु भएको थियो। उनले अमेरिकी कङ्ग्रेसले तुरुन्तै उचित कदम नचाले अमेरिकाले ठूलो आर्थिक नोक्सानी व्यहोर्नुपर्ने चेतावनी दिए। उनले अमेरिकी अर्थव्यवस्था र अमेरिकी जनतासँग खेलवाड गर्ने अहिले समय होइन। हामीले जनतामा संसद र सरकार तिम्रो साथमा छ भन्ने भरोसा जगाउन सक्नु पर्दछ,' उनले भने।

डेमोक्रेटिक सिनेट सदस्य सुमरले संसदमा प्रस्तुत विधेयकले अमेरिकी कामदारलाई पर्याप्त मात्रामा समर्थन गर्न नसक्ने दाबी गरे। उनले अर्थव्यवस्थामा आउने संकटका कारण करोडौंले आफ्नो जागिर गुमाउने जोखिम रहेको बताउँदै प्रस्तावित विधेयकले उत्पन्न हुनसक्ने श्रमिकलाई पर्याप्त सुरक्षा प्रदान नगरेको दाबी गरे।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७६/१२/११

ग्लोवल अनलाइन पे प्रा.लि.को मिति २०७६।११।२० गते बसेको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी ग्लोबल अनलाइन पे इन्टरनेशनल प्रा.लि.(Global Online Pay International Pvt.Ltd) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७६।१२।०४ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: MAMA HOME CAFE SDN BHD शहर: PERAK

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६६६ LT. No.: 235212

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 3 | 0 | स. काममा दक्ष | 1200 | ३२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १८ गते (31 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Morgen Global Hr Consultancy Pvt. Ltd.
श्रम इजाजत पत्र नं. २११/०५७/०५८
Maharajung, Kathmandu, Nepal, Email: admin@morgenglobalhr.com
Tel.: 4416085, 4419885, Mob.: 9843817530, 9823275417

## OMAN मा रोजगार

कम्पनी : NATURAL SHRIMP AQUACALTURE LLC शहर: OMAN

पुर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६६८ L.T. No.: 235011

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Unskilled | 15 | 0 | स. काममा दक्ष | 120 | ३७,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २० गते (2 April 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगमा सम्पर्क गर्नुहोला।

Nasser Outsourcing Consultants (P.) Ltd.
श्रम इजाजत नं.: ६१९/०६३/०६४ रुद्रेश्वर मार्ग, रातोपुल–९, काठमाडौं, नेपाल
फोन नं.: ४४६५०९० (6 Lines) / २२९८२११, फ्याक्स: ४४११९५०

## साउदीमा रोजगार

कम्पनी : PROJECTS SUPPLY COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६५५ LT. No.: 234688

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ५७,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १८ गते (31 March. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Halesi Overseas Pvt. Ltd.
Govt. Lic. No. 1161/073/074
Gaushala-9, Ratopul, Kathmandu, Nepal
Tel: 4489975, Mob.: 9851057208, 9818581088 Email: halesioverseas074@gmail.com

## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : SAEED MARZOUK AL QUBAISI GENERAL CONTRACTING EST. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/१२/०९ चलानी नं.: ६०१५३६६९ LT. No.: 234838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Heavy Equipment Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २० गते (2 April 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

IMPERIAL OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८१६/०६६/०६७
Sinamangal-9, Kathmandu, Tel.: 01-4485530, Mob.: 9841416819, 9801144004
Email-imperialovs2009@gmail.com, Web. : www.imperialoverseas.com.np

# बक्स अफिस समाचार

## ‘प्रेमगीत ३’ टिमले बाँड्यो मास्क

**काठमाडौं/मस–** चलचित्र ‘प्रेमगीत ३’ को निर्माण टिमले सर्वसाधारणलाई मास्क वितरण गरेको छ । कोरोना भाइरस संक्रमणको त्रास फैलिएसँगै बजारमा मेडिकल मास्क अभाव भएपछि फिल्मको टिमले निःशुल्क मास्क वितरण गरेको हो । आइतबार फिल्मका निर्माता सन्तोष सेन, अभिनेता प्रदीप खड्का र अभिनेत्री क्रिस्टिना गुरुङले कोटेश्वर, लगनखेल र गोंगबु क्षेत्रमा मास्क बाँडेका हुन् ।



आइतवार मात्र ११ हजार मेडिकल मास्क वितरण गरिएको निर्माता सेनले फेसबुकमार्फत् जानकारी दिए । उनले भने, ‘बजारमा मास्क अभाव भएको थाहा पाएपछि देशको एक जिम्मेवार नागरिक भएको हैसियतले मास्क वितरण गरेका हौं । यो मुश्किल परि स्थितिमा कुनै पनि बेला सरकारलाई आवश्यक पर्छ भने हाम्रो फिल्म ‘प्रेमगीत ३’ को सम्पूर्ण टिम सहयोग गर्न तयार छ ।’

फिल्मको टिमले सर्वसाधारणलाई मास्क वितरण गर्दै सर्तकता अपनाउन पनि आग्रह गरेको थियो । शिरमा कालो रंगको टोपी र मुखमा मेडिकल मास्क लगाएर मास्क वितरण अभियानमा सहभागी भएका अभिनेता प्रदीपले कोरोनाको सम्भावित जोखिमबाट बच्न सम्पूर्ण नेपालीलाई विशेष सावधानी अपनाउन आग्रह गरे । नमस्कार गर्ने संस्कार अपनाउन पनि उनको आह्वान छ ।

‘प्रेमगीत ३’ को अहिले पोस्ट प्रोडक्सनको काम भइरहेको छ । यही चैत २८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यो फिल्मको कोरोनाका कारण अनिश्चितकालका लागि प्रदर्शन स्थगित भइसकेको छ । निर्माता सेनले स्थिति सामान्य भएपछि फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गर्ने जानकारी दिए । प्रदर्शन स्थगित हुँदा पोस्ट प्रोडक्सनका लागि थप समय मिलेकोमा उनी खुसी छन् ।

फिल्ममा शिव श्रेष्ठ, प्रदीप खड्का, मनिष राउत, क्रिस्टिना गुरुङ, अनुभव रेग्मी, सम्वृद्धि शाही ठकुरी, सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, पुस्कर कार्की, प्रेम पुरी, लक्ष्मी वर्देवा, योगिशा खत्री, जीवन भट्टराईलगायतका कलाकार हरुको अभिनय छ । फिल्मले डेढ सय वर्ष अगाडिको प्रेमकथा वाचन गरेको छ । फिल्मलाई छेतेन गुरुङ र सन्तोष सेनले मिलेर निर्देशन गरेका हुन् ।

## इन्टरनेसनल सर्ट फिल्म फेस्टिभलमा ‘जुनुको जुत्ता’

**काठमाडौं/मस–** नेपाली फिल्म ‘जुनुको जुत्ता’ विश्वकै प्रतिष्ठित र पुरानो फिल्म फेस्टिभल ‘इन्टरनेशनल सर्ट फिल्म फेस्टिभल ओवरहउसेन’मा छनोट भएको छ । विश्वकै प्रतिष्ठित र पुरानो अन्तर्राष्ट्रिय चलचित्र महोत्सव ‘इन्टरनेशनल सर्ट फिल्म फेस्टिभल ओवरहउसेन’को ६६ औं संस्करणमा नेपाली फिल्म पनि छनोटमा परेको हो । केदार श्रेष्ठ निर्देशित सर्ट फिल्म ‘जुनुको जुत्ता’ ओवरहउसेनको २०२० को संस्करणमा छनोट भएको हो ।



विश्वभरबाट आवेदन गरेको ६५ सयभन्दा बढी फिल्महरुबाट उत्कृष्ट एक सय फिल्म छनोट हुँदा एसियाबाट १९ फिल्म छनोटमा परेको हो । सन् १९५४ देखि जर्मनीमा आयोजना हुँदै आएको इन्टरनेशनल सर्ट फिल्म फेस्टिभल ओवरहउसेनमा जर्मनी प्रतिस्पर्धाबाहेक अन्तर्राष्ट्रिय प्रतिष्पर्धामा एक सय फिल्म छनोट गरिन्छ । जसमा ‘जुनुको जुत्ता’ अन्तर्राष्ट्रिय प्रतिष्पर्धाको ‘चिल्ड्रेन्स एण्ड युथ फिल्म कम्पिटिशन’ विधा अन्तर्गत छनोट भएको हो ।

फेस्टिभल ओवरहउसेनलाई सर्ट फिल्मको सबैभन्दा सम्मानित र विशिष्ट महोत्सवको रुपमा लिइन्छ । यस महोत्सवको लागि हरेक वर्ष करिब सात हजार फिल्महरुको आवेदन पर्ने गरेको छ । छनोट भएको सय फिल्म, जर्मनी प्रतिष्पर्धा, विशेष प्रदर्शन तथा अन्य विविध विधामा गरी करिब पाँच सय फिल्महरुको प्रदर्शन गरिन्छ । महोत्सवमा ११ सय भन्दा बढी अन्तर्राष्ट्रिय फिल्म मेकरहरुको जमघट हुने गरेको छ ।

## सरकारले गरेको अपिललाई मजाकमा नलिउँ : नीता



**काठमाडौं/मस–** कोरोना भाइरसको जोखिमलाई ध्यान दिँदै सरकारले आइतबारबाट अत्यावश्यक कामबाहेकका सेवा बन्द गरिसकेको छ । सावधानी अपनाएर घरमै बस्न सरकारले आग्रह गरिरहे पनि अझै धेरैले यसलाई गम्भीरतापूर्वक लिएका छैनन् । सरकारले गरेको अपिललाई मजाकको रुपमा लिए नेपालको हालत इटालीको जस्तो हुन समय नलाग्ने अभिनेत्री नीता ढुंगानाले बताएकी छन् ।

सोमबार आफ्नो आधिकारिक फेसबुकमा लामो स्टाटस लेख्दै अभिनेत्री नीताले सरकारले गरेको अपिललाई धेरैले मजाकको रुपमा लिइरहेको र यस्तै हेलचेक्राइ गरिरहे नेपालको हालत इटालीभन्दा कम भयावह नहुने उल्लेख गरेकी छन् । उनले सम्पूर्णलाई सरकारले गरेको अपिल मानेर अत्यावश्यक कामभन्दा बाहेक अरु समयमा घरभन्दा बाहिर ननिस्कन अनुरोध गरेकी छन् ।

उनले लेखेकी छन्, ‘अहिले नेपालको अवस्था जस्तो छ, १५-२० दिन अगाडि इटालीको अवस्था पनि त्यस्तै थियो । सरकारले हरेक ठाउँमा बन्दी गरेको थियो, मानिसलाई काम नपरी बाहिर ननिस्कन, साबुन पानीले हात धुन, मास्क लगाउन, भेला नहुन र घरभित्रै बस्न भनेको थियो । तर, कसैले सरकारको आग्रह टेरेनन् । अहिले इटालीको अवस्था कस्तो छ सबैको अगाडि छर्लङ्ग छ ।’

उनले अगाडि लेखेकी छन्, ‘नेपाल सानो देश, त्यसमाथि हामीसँग कुनै प्रविधि छैन । त्यसैले हामी र हाम्रो देश सखाप हुन कत्ति पनि समय लाग्दैन । अहिले हाम्रो सरकारले पनि हामीलाई धेरै सुझावहरु दिइराखेको छ, तर हामीले त्यसलाई मजाकमा लिइरहेका छौं । यस्तै गर्यौं भने हाम्रो हालत पनि इटालीको जस्तो नहोला भन्न सकिँदैन । त्यसैले हामी पनि अहिल्यैबाट सचेत बनौं ।’

## कोरोना रोकथाम कोषमा प्रकाश सपुतको २ लाख सहयोग



**काठमाडौं/मस–** सरकारले कोरोना भाइरस रोकथामका लागि खडा गरेको कोषमा गायक प्रकाश सपुतले २ लाख रुपैयाँ सहयोग गरेका छन् । प्रकाशले सरकारसम्म पुयाइदिन भन्दै पत्रकार महासंघ बागलुङका अध्यक्ष दिल शिरिषलाई दुई लाख रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेका हुन् ।

कोरोनाबाट बच्नका लागि बागलुङ धम्जाको आफ्नै घर पुगेका प्रकाशले प्रधानमन्त्रीलाई लामो पत्र लेख्दै उक्त रकम सरकारलाई उपलब्ध गराएको घोषणा गरेका छन् । रकमलाई आवश्यक परेको अवस्थामा जुनसुकै ठाउँमा पनि खर्च गर्न सक्ने उनले बताएका छन् । आइतबार साँझ बसेको मन्त्रिपरिषदको बैठकले ५० करोड रुपैयाँ बराबरको कोरोना भाइरस संक्रमण रोकथामका लागि कोष स्थापना गरेको छ ।

## ‘ए मेरो हजुर ४’को छायांकन युरोपमा नहुने

**काठमाडौं/मस–** चलचित्र ‘ए मेरो हजुर ४’को छायांकन युरोपमा नहुने भएको छ । पोखरा, काठमाण्डौपछि चलचित्रको छायांकन युरोपमा गर्ने तयारीमा यसको निर्माणपक्ष थियो । तर, विश्व बजारमा कोरोनाको सन्त्रास बढेपछि यसको छायांकन युरोपमा नहुने भएको छ । अहिले यो चलचित्रको नेपालमा छायांकन पनि रोकिएको छ ।

युरोपको नेदरल्याण्डमा फुल फुल्ने मौसममा चलचित्रको छायांकन गर्ने योजनामा यसको निर्माणपक्ष थियो । एक महिनापछि युरोप पुगेर चलचित्रको छायांकन गर्ने तयारीमा रहेकी निर्देशक झरना थापा अब नेपालकै रमणीय स्थानमा चलचित्रको छायांकन गर्ने तयारीमा छिन् ।

तर, चलचित्रको छायांकन कहिलेबाट सुरु हुन्छ भन्ने यकिन छैन । अनमोल केसी, सुहाना थापा, सलोन बस्नेत अभिनित यो चलचित्रलाई आउँदो बर्षको दशैंमा रिलिज गर्ने योजना निर्माता सुनिलकुमार थापाको छ । तर, चलचित्रको छायांकन सुरु नै कहिले हुन्छ पक्का भएको छैन ।

## ‘कोरोनाविरुद्ध लड्न सरकारलाई सहयोग गर्छौं’

**काठमाडौं/मस-** कलाकार तथा सामाजिक अभियान्ता सिताराम कट्टेल (धुर्मुस)ले कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न आफू सरकारलाई सहयोग गर्न तयार रहेको बताएका छन् ।



सरकारका स्वागतयोग्य कदम पालना गर्न आफू तयार रहेको भन्दै उनले भारतसँगका सम्पूर्ण नाका तत्काल बन्द गर्न पनि आग्रह गरेका छन् । सरकारले नेपाल–भारत सीमा बन्द गर्ने निर्णय गरिसकेको छ ।

भारतबाट नेपाल फर्किएको नागरिकलाई क्वारेन्टाइनमा राख्ने व्यस्वथा गर्नुपर्नेमा जोड दिएका छन् । उनले कोरोनाको संक्रमणबाट बच्न घरमै बस्न पनि सबैसँग आग्रह गरेका छन् ।

उनले यसअघि नै चितवनमा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम अवस्था सहज नहुञ्जेलसम्मका लागि स्थगित गरिसकेका छन् ।

## योग गरेर कोरोना त्रास हटाऔं : नायिका मानन्धर

**काठमाडौं/मस–** नायिका करिष्मा मानन्धरले कोरोना भाइरसको संक्रमणको जोखिमबाट बच्न आग्रह गरेकी छिन् । विश्व नै कोरोना भाइरसको संक्रमणबाट आक्रान्त बनिरहेका बेला यसबाट बेलैमा सचेत रहन करिष्माले सबैसँग आग्रह गरेकी हुन् ।



सामाजिक सञ्जाल फेसबुकमार्फत भिडियो सन्देश दिँदै उनले आफूले सुरुका दिनलेखि नै सचेतना अपनाएको भन्दै अरुलाई पनि आफ्नो स्वास्थ्यको ख्याल राख्न भनेकी छिन् ।

घरमै बसेर समय कटाउन कठिन भए योगा गर्न उनको सुझाव छ । कोरोनाको मनोवैज्ञानिक त्रास हटाउन योगा उपयुक्त विकल्प भएको उनको भनाइ छ । नायिका मानन्धरले कोरोनाको सम्भावित जोखिमबाट सचेत रहँदै बर्सेनि मनाउँदै आएको होली कार्यक्रम स्थगित गरेकी थिइन् ।

## ‘छक्का पञ्जा ३’ डिसहोम सिनेमा घरमा

CINEMA घर च्यानल नं १०८
सिनेमाघर १०८ वा ८८८ सजिलै खुलाउन
9801190990 मा CALL गर्नुहोस्
सिनेमा घर CHANNEL 888

**काठमाडौं/मस–** नेपाली चलचित्र ‘छक्का पञ्जा ३’ डिसहोम सिनेमा घर च्यानल नं. १०८ मा भव्यप्रदर्शन भइरहेको डिसहोमले जनाएको छ । ग्राहकहरूको मनोरञ्जनलाई ध्यानमा राखेर विगत तीन वर्षदेखि सिनेमा घर १०८ सञ्चालन गर्दै आएको डिसहोमले केही समय अगाडि सिनेमा घर ८८८ पनि सञ्चालनमा ल्याएको छ । यी दुवै च्यानलमा नयाँ र लोकप्रिय नेपाली सिनेमा प्रदर्शन हुने जनाइएको छ ।

डिसहोमले सञ्चालनमा ल्याएको सिनेमा घरमा सिनेमा हलको पहुँच नभएका दूर दराजका ग्राहकहरूले छानी छानी नयाँ नयाँ नेपाली सिनेमा सजिलै हेर्न पाउने जनाएको छ । डिसहोमका ग्राहक सेवा केन्द्रमा फोन गरेर, साधारण एसएमएस पठाएर र नजिकैको डिसहोम बिक्रेताकोमा सम्पर्क गरेर समेत न्यूनतम शुल्कमा सिनेमा घर खुलाउन सकिने जनाइएको छ ।


**UAE & OMAN मा रोजगार** | १. कम्पनी: KENSINGTON BEAUTY BAR LADIES SALON शहर: UAE

पूर्व स्वीकृत मितिः २०७६/१२/०९ चलानी नं.: ६०१५३६७६ LT. No.: 235123

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 4 | स. काममा दक्ष | 1500 | ४९,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: JASSA UNITED शहर: OMAN

पूर्व स्वीकृत मितिः २०७६/१२/०९ चलानी नं.: ६०१५३६७७ LT. No.: 234699

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician General | 0 | 1 | स. काममा दक्ष | 170 | ५३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २० गते (2 April. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, Web.www.skymanpower.com
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४



**रामेछाप नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रामेछाप बजार, रामेछाप
३ नं. प्रदेश नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७६/१२/११**

यस कार्यालयबाट मिति २०७६/०९/२० मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार ठेक्काका लागि रितपुर्बक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र प्राविधिक रूपमा प्रभावग्राही भएकोले उक्त बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०७६/१२/१८ गते दिनको १२:०० वजे रामेछाप नगरकार्यपालिकाको कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) ५ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | बोलपत्र नम्वर र कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| १. | RM/10-076-077 Construction of Bhalukhop View Tower | १. सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रा.लि., लगनखेल, ललितपुर, नेपाल ।<br>२. कल्पवृक्ष निर्माण सेवा, काठमाडौं, नेपाल ।<br>३. सि.एम./गोपिनीगंगा जे.भी., काठमाडौं, नेपाल । |

**प्रमुख प्रशासकीय अधिकृत**

# कुङ्फु खेलाडी रुपेशलाई घर हस्तान्तरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत



निम्न आर्थिक स्थितिका कुङफु राष्ट्रिय खेलाडी रुपेश खतिवडालाई घर हस्तान्तरण गरिएको छ । कुङफुका पूर्व खेलाडी एवं हाल प्रशिक्षकको भूमिकामा रहेका सुकमान लामाको सक्रियतामा रुपेशलाई दुई कोठाको घर निर्माण गरी हस्तान्तरण गरिएको हो ।

जर्मनीका तीन नागरिक कोरिन्ना भास, डेनियल हान्के र मिचि मुन्वर्गको सहयोगमा सुकमानले रुपेशका लागि घर निर्माण गरी दिएका हुन् । सो घर निर्माण गर्न करिब ६ लाख रुपियाँ लागेको छ ।

भास र डेनियल आरोहणका लागि समयसमयमा नेपाल आउने गर्छन् भने मुख्य सहयोगकर्ता मुन्वर्ग नेपालस्थित ट्राभल फर सोल र होप फर नेपाल नामक सामाजिक संस्थामा आबद्ध छन् । सुकमानले रुपेशको निम्न आर्थिक स्थिति बारे जानकारी गराएपछि मुन्वर्गले घर बनाइदिने चासो देखाएका थिए । मुन्वर्गकै अनुरोधमा भास र डेनियल पनि रुपेशलाई सहयोग गर्न अगाडि बढेका हुन् ।

१८ वर्षीय रुपेश उदयीमान कुङ्फु खेलाडी हुन् । एघार वर्षको उमेरमै रुपेश कुङफुमा होमिएका थिए । गत फागुन अन्तिम साता बूढानीलकण्ठमा भएको प्रथम राष्ट्रव्यापी अन्तरविद्यालय कुङफु प्रतियोगितामा रुपेशले आफ्नो स्पर्धामा स्वर्ण जित्नुका साथै उत्कृष्ट खेलाडीको ट्रफी चुमेका थिए । फुटबलमा पनि रुची राख्ने रुपेश आफ्नो टोलीका गोलरक्षक हुन् ।

यद्यपि आर्थिक स्थिति कमजोर हुँदा प्रतिभाशाली रुपेशलाई खेलकुदबाट टाढा पुऱ्याउन सक्थ्यो । सोही डरले सुकमानले रुपेशलाई सहयोग गर्ने पहल गरेका हुन् । सुकमानले रुपेशका लागि घर मात्र बनाइ दिएनन् । विगत ७-८ वर्षदेखि उनको परिवारलाई रासनपानीको पनि व्यवस्था गर्दै आएका छन् ।

रुपेश हाल बुढानीलकण्ठस्थित श्री बूढानीलकण्ठ माविमा कक्षा १० मा अध्ययनरत छन् । उनी एसइइ परीक्षा दिने तयारीमा छन् । एसइइ परीक्षा हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण स्थगित छ । रुपेशको सम्पूर्ण शैक्षिक खर्च पनि सुकमानले नै जोहो गर्दै आएका छन् ।

सुकमानले रुपेशका लागि यी व्यवस्थामा पनि मुन्वर्ग र भासको साथ रहेको बताउछन् । यि दुवै जर्मनी नागरिक र सुकमानले मिलेर अन्य १४ जनाको पनि शैक्षिक खर्च व्यहोर्दै आएका छन् । त्यसमध्ये हाल ९ जना बाल विकास तथा ४ जना श्री बूढानीलकण्ठमा अध्ययनरत छन् ।

एक महिनाको छँदा नै रुपेशलाई आमाले छोडेर गएकी थिइन् । त्यसपछि उनको लालनपालन ७६ वर्षीय हजुरबा केशरबहादुर खतिवडा र ६५ वर्षीयाँ हजुरआमा जानुकाले गर्दैआएका छन् ।

अत्यन्तै कमजोर आर्थिक स्थितिका रुपेशका हजुरबा र हजुरआमाको मुख्य पेशा गाइपालन हो । गाइपालनबाट उनीहरु दैनिक ५-६ माना दुध विक्री गर्छन् । सो आम्दानीबाट गुजारा चलाउन हम्मेहम्मे नै थियो । स्कुलको शुल्क तिर्न पनि रुपेशको परिवारलाई कठिन भइरहेको थियो । आफ्नै (सुकमान) प्रशिक्षणमा हुर्किरहेका चेलाको यस्तो अवस्थाको ज्ञात भएछि सुकमानले सकेसम्मको सहयोग गर्ने अठोट गरेका हुन् ।

बुढानीलकण्ठस्थित वडा ३ मा रहेको रुपेशकै परिवारको ३ आना जग्गामा सुकमानले नयाँ घर निर्माण गरिदिएका छन् । सोही जग्गामा जीर्ण अवस्थाको पुरानो घर अहिले पनि छ । यद्यपि २०७२ को भुकम्पपछि सो पुरानो घरमा बस्न मिल्ने स्थिति छैन । सुकमानले पुरानो घरलाई जीर्णोद्धार गरिदिनुका साथै शौचालय र किचन पनि चाँडै बनाइ दिने प्रतिबद्धता व्यक्त गरेका छन् । सुकमानका अनुसार नयाँ घर तला थप्न मिल्ने गरी बनाइएकोले माथिल्लो तलामा थप दुई कोठा बनाइदिने पहल पनि भइरहेको छ ।

सुकमानले घरको साँचो हस्तान्तरण गर्नुअघि रुपेशका हजुरबा र हजुरआमालाई खादा लगाइ दिए । त्यसपछि साचो हस्तान्तरण गर्दै भने- 'मेरो चेलाका लागि सकेसम्मको सहयोग गर्न पाएकोमा म खुशी छु । अब यो घर तपाईंहरुको हो । धेरै चिन्ता गर्नु पर्दैन । नाती (रुपेश) पनि हुर्किसकेको छ । खाइनखाई नातिका लागि धेरै गर्नुभयो अब तपाईंहरुलाई नातिले हेर्ने दिन आउदै छ ।'

सुकमानको सो गुणपछि रुपेशकी हजुरआमाले आँसु थाम्न सकिनन् । रुपेशकी हजुरआमाले आँशु झार्दै भनिन्- 'उहाँ सर (सुकमान) ले रुपेशका लागि त धेरै गर्नुभएको छ । नातिको खेल, शिक्षालगायतमा सरको ठूलो योगदान छ । पुरानो घर कति खेर भत्किने हो भनेर सधै चिन्ता भइरहन्थ्यो । नयाँ घर बनाइ दिएर हामीलाई ढुक्कसंग बस्ने वातावरण बनाइ दिनुभयो । उहाँलाई धन्यवाद । उहाँ त हाम्राका लागि भगवान सरह नै हो ।'

# खेलकुदका संरचनामा क्वारेन्टाइन

**काठमाडौं, मस-** कोरोनाको संक्रमण नेपालमा पनि देखिएपछि राष्ट्रिय खेलकुद परिषदको मातहतमा रहेका सबै भौतिक संरचना आवश्यक परेको खण्डमा क्यारेन्टाइनमा परिणत गर्न सकिने भएको छ ।



राखेपले विज्ञप्ति जारी गर्दै आफ्नो मातहतमा देशभर रहेका सबै पूर्वाधारहरू नेपाल सरकारले चाहेको बेला क्वारेनटाइनका लागि प्रयोग गर्न सक्ने जनाएको छ । विज्ञप्तिमा परिषदले विश्वमा अहिले कोरोनाको संक्रमणले महामारीको रुप लिएको छ, नेपाल सरकारले अहिले गरेको सबै निर्णय प्रति राखेप सहमत छौं' भनिएको छ ।

राखेप अन्तरगतका काठमाण्डौ उपत्यकामा रहेको दशरथ रंगशाला, सातदोबाटो स्थित खेलकुद परिसर, मुलपानी क्रिकेट मैदान, किर्तिपुर, च्यासल, सानोगौचरन लगायतका क्षेत्रमा क्वारेनटाइन राख्न सक्नेछ । राखेपले आबस्यक परे प्रदेश तथा जिल्ला स्तरमा रहेका पूर्वाधार पनि उपलब्ध गराउने जनाएको छ ।

# ला लिगा २ साताका लागि स्थगित

**काठमाडौं, एजेन्सी-** स्पेनले सबै खाले फुटबल खेलहरु अनिश्चितकालका लागि स्थगित गरेको छ । विश्वभर फैलिएको नोवेल कोरोना भाइरस (कोभिड(१९)का कारण ला लिगालगायतका खेलहरु स्थगित भएका हुन ।



यसअघि मार्च १२ मा स्पेनिस ला लिगा दुई साताको लागि स्थगित गरिएको थियो । तर हाल कोरोनाको बढ्दै गरेको संक्रमणको कारण स्पेनका सबै खाले फुटबल गतिविधि अनिश्चितकालका लागि बन्द गरिएको हो ।

स्पेनिस फुटबल संघ र ला लिगाले निर्माण गरेको मोनिटरिङ कमिसनले सोमबार यस्तो निर्णय गरेका हुन् । ला लिगामा पछिल्लो पटक मार्च ६ देखि ८ सम्म म्याचविक २७ का खेलहरु भएका थिए । त्यसपछि दुई साताका लागि खेलहरु स्थगित गरियो । जसमा म्याचविक २८ र २९ अन्तर्गतका खेलहरु थिए । अब अर्को निर्णय नभएसम्मको लागि स्पेनमा फुटबल सुरु नहुने भएको छ ।

स्पेनमा कोरोनाको ३३ हजारभन्दा बढी संक्रमण भेटिएको छ भने २ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । इटली र चीनपछि कोरोनाका कारण धेरै मानिसको मृत्यु हुनेमा स्पेन पर्छ ।

# ओलम्पिक टर्च र्‍यालीमा फुटबलर सहभागी नहुने



**काठमाडौं, एजेन्सी-** आसन्न टोकियो ओलम्पिक तोकेको मितिमा हुन्छ की हुँदैन भनेर चौतर्फि चर्चा भइरहेको छ । ओलम्पिक टर्च ग्रिसको एथेन्सबाट जापान ल्याइसकेको छ । तर, जापानमा हुने ओलम्पिक टर्च र्‍यालीमा जापानीज अन्तराष्ट्रिय फुटबल खेलाडी नाहोमी कावासुमीले भाग नलिने भएकी छिन् ।

कोरोना भाइरसका संभावित संक्रमणबाट बच्नका लागि नाहोमीले नाम फिर्ता लिएकी हुन् । केहि समय अगाडीमात्र अमेरीकाबाट फर्किएकी उनले आफुलाई क्वारेन्टाइनमा राखेकी छिन् र अरुमा पनि संक्रमण नहोस भनेर उनले नाम फिर्ता लिएकी हुन् ।

जापानमा नाहोमी स्टार खेलाडी मानिन्छिन् । सन् २०११ मा जापानले महिला विश्वकप जित्दा उनी महत्वपूर्ण खेलाडी रहेकी छिन् । उनले अमेरीकामा स्काई ब्लु एफसीबाट व्यवसायीक फुटबल खेल्दै आएकी छिन् । अमेरीकाको न्यूयोर्कमा कोरोनाको संक्रमण उच्च रहेकाले उनी विचमा नै जापान फर्किएकी हुन् ।

उनले सञ्चारमाध्यमसँग कुरा गर्दै कोरोना भाइरसका कारण ओलम्पिक टर्च र्‍यालीबाट नाम फिर्ता लिएकी हुन् । नाओमी टोकियो ओलम्पिकमा कोरोनाको त्रास रहेको बताउने पछिल्लो खेलाडी हुन् ।

आइतबार क्यानडाले आफ्ना खेलाडीलाई नपठाउने बताएको छ । यस्तै सोमबार अष्ट्रेलियाले आफ्ना खेलाडीलाई सन् २०२१ मा भएमात्र सहभागिता गराउने बताएको छ । यता अन्तराष्ट्रिय ओलम्पिक कमिटीले चार सातामा ओलम्पिकका विषयमा निर्णय गर्ने बताइएको छ ।

## ओलम्पिक स्थगित गर : अध्यक्ष लोर्ड



**काठमाडौं, एजेन्सी-** विश्व एथलेटिक्स महासंघका अध्यक्ष लोर्ड कोले आशन्न ग्रिस्मकालिन ओलम्पिक स्थगित गर्नका लागि अपिल गरेका छन् ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष थोमस बाचलाई एक पत्र लेख्दै कोले आउँदो जुलाईमा ओलम्पिक आयोजना उचित पनि नभएको उल्लेख गरेका छन् । उनले कोरोना भाइरसको त्रासकाबीच ओलम्पिकमा सहभागि हुन कसैको इच्छा पनि नरहेको बताए । यसअघि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले ओलम्पिक आयोजनाको हुने वा नहुने निर्णयका लागि चार साताको समय मागेका थिए । केही महिना पछि धकेल्ने वा एक वर्ष पछाडी सार्ने दुईवटा विकल्प आईओसीमा छ । ओलम्पिक आउँदो साउन महिनामा हुनु पर्ने हो । ओलम्पिकलाई रद्द गर्नु पर्ने विकल्प नभएको ओलम्पिक कमिटीको छ ।


**Limchungbung Rural Municipality**
Office of the Rural Municipal Executive
Baraha, Udayapur

**Invitation for Bids**

Second Date of Publication: 2076/12/11

1. The Limchungbung Rural Municipality invites sealed electronic bids for the construction work shown in table below under National Competitive Bidding procedures.
2. Bidders interested to bid have to download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egpand submit electronically. The bidders submitting their bid electronically should deposit the cost of biding document NRs. 3,000/- (non-refundable) fee in Sanchit Kosh Account No.43295241207001of Nepal SBI Bank,Limchungbung Branch - Udayapur and submit bank deposit voucher along with the electronic bid files.
3. Bids must be submitted electronically only through www.bolpatra.gov.np, on or before 12:00 noon on 2076/12/25.Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 PM on 2076/12/26at the office of Limchungbung Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of shown in table below(inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
5. If bidder wishes to submit the Bid securityfee in the form of cash, bidder has to deposit cash in Dharauti Khata Account No. 43225240600003of Nepal SBI Bank, Limchungbung Branch - Udayapur and submit bank deposit voucher along with the electronic bid files.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. Owing to the technical problems associated with electronic bidding in previous bid published on 2076/11/04, the bidder who have already deposited the bid document fee, the voucher will be considered valid for this Bid as well. However, they must renew and resubmit Bid security amount as given below.
9. For more details contact Limchungbung Rural Municipality Office of MunicipalExecutive Office Mr. Binaya Shrestha (IT Officer) 9842917620/9817343609 or Mr. Sharad Chaudhary (Engineer) 9842837622.
10. Matters not covered by this notice shall be in accordance to Public Procurement Act,2063 and Public Procurement Regulation, 2004 and their amendments.
11. The name and identification of the contract are as follows:

| Contract Identification No. | Brief Description of Works | Estimated Amount with VAT (Nrs) | Bid security Amount (Nrs) | Time for Completion |
|---|---|---|---|---|
| LRM/Udayapur/Works /NCB/01/076/077RE | Maintenance of Chandithumka -Butku- Bhate Kunai Sadak. | 49,50,000.00 | 1,20,000.00 | 32th Jestha 2077 |
| LRM/Udayapur/Works /NCB/02/076/077RE | Construction of Jate, Sapla - Rupla - Tirla - Chhatang khola, Balamta, Majhgau - Bha-karthum -Lamatol - Marse Baikhola, Tamlichha, Mau-wabote hudai Basbote Road. | 51,53,200.00 | 1,25,000.00 | 32th Jestha 2077 |

**-Chief Administrative Officer**



**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

## ऊर्जा मन्त्रालयको निर्णय

# अनलाइनबाटै विद्युत् महसुल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत

सरकारले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड(१९) को सम्भावित संक्रमणको जोखिम कम नभएसम्म अनलाइनमार्फत विद्युत महसुल भुक्तानी गर्न उपभोक्तालाई अपिल गरेको छ । महसुल काउन्टरहरुमा हुने भीडभाडका कारण संक्रमणको जोखिम उच्च हुने भएकाले अनलाइनबाटै महसुल भुक्तानीको व्यवस्था मिलाउन लागिएको उर्जामन्त्रालयले जानकारी दिएको छ । अनलाइनको सहज आपूर्ति अभावमा ग्राहकले समयमै महसुल भुक्तानी गर्न नसके उक्त अवधिको जरिवाना नलाग्ने र लाइन नकाटिने ऊर्जा, जलश्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनले जानकारी दिए। मन्त्री पुनको अध्यक्षतामा सोमबार बसेको बैठकले यस्तो निर्णय गरेको हो । 'महसुल काउण्टरहरुमा भिडभाड हुने भएकाले कोभिड (१९ को संक्रमण उच्च हुने ठानेर अनलाइन प्रणालीमार्फत महसुल भुक्तानी गर्न आम ग्राहक महानुभावहरुमा अपिल गर्दछु', मन्त्री पुनले भने, 'इन्टरनेटको उपलब्धता नभएको वा अन्य कारणले महसुल भुक्तानी गर्न नसक्ने ग्राहकको सेवा अवरुद्ध गरिने छैन र जरिवाना लिइने छैन ।'

बैठकले नेपाल विद्युत प्राधिकरणका कर्मचारीलाई बिदा नदिने पनि निर्णय गरेको छ । बिहान र बेलुका अनिवार्य हाजिरीको व्यवस्था गर्न प्राधिकरणका सबै उत्पादन र वितरण केन्द्रका कार्यालय प्रमुखहरुलाई निर्देशन जारी गरिएको छ। सरकारले विद्युतलाई अत्यावश्यक सेवामा राखेकाले कर्मचारीलाई बिदा नदिने निर्णय गरिएको मन्त्री पुनले जानकारी दिए । यस्तै प्राधिकरणका अति संवेदनशील मानिने नो लाइट र भार सम्प्रेषण केन्द्र (एलडिसी) का कर्मचारीलाई संक्रमणको जोखिम कायम रहने अवधिसम्म कार्यालयमा आइसोलेसनमा राखिने भएको छ । ती काममा सीमित कर्मचारी मात्र भएकाले उनीहरुलाई संक्रमण भए सेवा नै अवरुद्ध हुने सम्भावित जोखिमलाई मध्यनजर गरेर त्यस्तो निर्णय गरिएको मन्त्री पुनले बताए । 'नो लाइट र एलडिसीमा सीमित प्राविधिकरणका भरमा काम गर्नुपर्ने अवस्था छ', मन्त्री पुनले भने, 'ती कर्मचारी कार्यालय आउजाउ गर्दा संक्रमित व्यक्तिको सम्पर्कमा पुग्न सक्ने भएकाले कार्यालयमै आइसोलेसनमा राख्ने व्यवस्था मिलाइएको छ।'मन्त्री पुनकै उपस्थितिमा सोमबारै मन्त्रालयका तीनवटै सचिव, सहसचिवहरु, विभागीय प्रमुख तथा कम्पनीका प्रमुखहरुको बैठकले मन्त्रिपरिषद र कोरोना नियन्त्रणका लागि गठित उच्चस्तरीय समितिको बैठकको निर्णय र निर्देशनअनुसार अत्यावश्यक सेवा सुचारु राख्ने निर्णय गरेको छ । बैठकले जल तथा मौसम विभाग, नेपाल विद्युत प्राधिकरणले प्रवाह गर्दै आएका सेवामा कटौती नगर्ने तथा जलविद्युत र सिंचाइका निर्माणाधीन आयोजनाका काम नरोक्ने निर्णयसमेत गरेको छ । निर्माण सेवाका कर्मचारीलाई आइसोलेसनमा राखेर काम लगाउने पनि मन्त्रालयले निर्णय गरेको छ । तर, सेवा सुचारु गर्दा सुरक्षासम्बन्धी आवश्यक सतर्कता अपनाउन मातहत निकायलाई निर्देशन जारी गरिने छ ।

मन्त्रालयले अत्यावश्यक कर्मचारीको आवागमन बाहेक भेटघाट बन्द गरेको छ। कर्मचारीका लागि कार्यालय प्रवेश गर्नुअघि मुल प्रवेशद्वारमा स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था मिलाएको छ । यस्तै शरीरको तापक्रम जाँच गर्न मन्त्री, सचिवसहित सबैका लागि थर्मल गन प्रयोग गरिने छ । मन्त्रालयले सार्वजनिक सवारी साधनमार्फत कार्यालय आउजाउ गर्ने कर्मचारीका लागि मंगलबारदेखि नै छुट्टै सवारी साधनको व्यवस्था मिलाउने भएको छ। मन्त्री पुनले कार्यालयमा भएका गाडी कर्मचारीका लागि प्रयोग गर्न तथा अपुग भए अत्यावश्यक सेवा सञ्चालनसम्बन्धी मन्त्रिपरिषदको निर्णयसँग नबाझिने गरी न्यूनतम खर्चमा सवारी साधन भाडामा लिन आग्रह गरे । मन्त्री पुनले सरकारले अत्यावश्यक सेवाका कर्मचारीलाई बिदा नदिएको स्पष्ट गरे । तर, अत्यावश्यक बाहेकका कर्मचारीले कामको प्रकृतिका आधारमा घरमै बसेर पनि कार्यसम्पादन गर्न सक्ने स्पष्ट गरे ।'मन्त्रिपरिषदले सरकारी कर्मचारीलाई बिदा दिएको छैन । आलोपालो काम गर्न सकिन्छ । आवश्यक परेको बेला एउटा एसएमएसको भरमा उपस्थित हुन र एउटा एसएमएसकै भरमा घर जानुपर्ने हुन्छ', मन्त्री पुनले भने ।यस्तै मन्त्रालयले मातहतका सबै कार्यालयमा चिया बन्द गर्न आग्रह गरेको छ । चिया पिउँदा संक्रमणको जोखिम बढी हुने भएकाले तत्कालका लागि चिया कफी बन्द गर्न मन्त्री पुनले निर्देशन दिए ।चियाको साटो नियमित रुपमा तातोपानी पिउन उनले आग्रह गरे । 'चिया पिउँदा संक्रमण हुन सक्छ', उनले भने , 'चिया छोडौं, तातोपानी पिऔं ।'



# कर्णाली सरकारको पञ्चवर्षीय योजनाको आधारपत्र सार्वजनिक

**काठमाडौं/रासस-** कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको 'आधारपत्र' सार्वजनिक गरिएको छ । कर्णाली प्रदेश योजना आयोगले आज राजधानी सुर्खेतमा पत्रकार भेटघाट आयोजना गरी प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र सार्वजनिक गरेको हो । आयोगका उपाध्यक्ष प्रा डा पुण्यप्रसाद रेग्मीले २०७६/७७-२०८०/८१ सम्मका लागि निर्माण भएको आधारपत्र सार्वजनिक गर्दै यो १० परिच्छेदमा तयार गरिएको बताए ।

पत्रकार भेटघाटमा उपाध्यक्ष प्रा डा रेग्मीले भने, 'कर्णालीको विद्यमान मानचित्रलाई रुपान्तरण गरी आर्थिक समृद्धि हासिल गर्न 'कर्णाली सोच, २१००' निर्माण गरिएको छ जसले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' मूलमन्त्र पूरा गर्नेछ। आधारपत्र प्रथम पञ्चवर्षीय योजनासहित २५ वर्षमा कर्णाली प्रदेश र यहाँको मानचित्रलाई विकास र समृद्धिको लक्षित सफलतामा पुर्‍याउने महत्वपूर्ण जग हो ।'

उनले कर्णाली प्रदेशको अहिलेको कूल ग्रार्हस्थ्य उत्पादन रु एक खर्ब १९ अर्ब रहेकामा पाँच वर्षमा रु दुई खर्ब ४० अर्ब पुर्‍याइने भन्दै यसका लागि सरकारले रु पाँच खर्ब २१ अर्ब लगानी गर्नुपर्ने बताए। उनका अनुसार प्रथम पञ्चवर्षीय योजनाको आधार वर्षले कर्णालीको अहिलेको आर्थिक वृद्धिदर ९.९ पुर्‍याउने लक्ष्य राखेको छ। त्यसका लागि सार्वजनिक खर्च कम्तीमा ७५ प्रतिशत पुग्नुपर्दछ ।



लगानीबाट आर्थिक वृद्धि र विकास सम्भव हुने बताएका उपाध्यक्ष प्रा डा रेग्मीले भने, 'प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रले कर्णाली समृद्धिका लागि सातवटा क्षेत्रमा प्राथमिकता दिएको छ । भौतिक पूर्वाधार, सामाजिक विकास, हरित अर्थतन्त्रमा आधारित उत्पादन, पर्यटन र वातावरण, 'विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन,' सूचाना, सञ्चार र डिजिटल कर्णाली र सुशासनलाई विकासको प्रमुख संवाहक बनाएर प्राथमिकतामा राखेको छ ।'

उनका अनुसार प्रथम पञ्चवर्षीय योजनाले सार्वजनिक गरेको आधारपत्रअनुसार हाल कर्णालीका नागरिकको प्रतिव्यक्ति आय रु ६०६ बाट बढाएर अबको पाँच वर्ष (२०८०/८१) मा रु.एक हजार १४७ अमेरिकी डलर पुर्‍याउने र हाल करीब ५१.२ प्रतिशत रहेको बहुआयामिक गरिबीलाई पाँच वर्षमा २५ र २९ प्रतिशत रहेको निरपेक्ष गरिबीलाई १८ मा झार्ने लक्ष्य बनाएको छ ।

आयोगका सदस्य डा दीपेन्द्र रोकायले कर्णाली नबनेसम्म सिङ्गो मुलुकको समृद्धि नहुने बताए। 'सङ्घीय सरकारले नै कर्णाली विकासमा बढी जोड दिनुपर्दछ र कर्णाली प्रदेश सरकारले आधारपत्रमा टेकेर अघि बढ्नुपर्छ । विद्यमान संस्कारबाट माथि उठेर विकास योजना कार्यान्वयनमा ल्याउनुपर्छ', सदस्य डा रोकायले भने । उनका अनुसार २९ प्रतिशत दलित रहेको उक्त प्रदेशमा उनीहरूलाई मूल प्रवाहीकरणका लागि सरकाले विशेष कार्यक्रम लागू गर्नाका साथै परम्परागत विकास पद्धतिको अन्त्य गरी जलविद्युत् उत्पादनमा जोड दिने तथा अर्थतन्त्रको तीन खम्बा कृषि, उद्योग र सेवालाई स्थापित गरेर लैजानुपर्दछ ।

# सिद्धकालीको पीपीए खारेज




**काठमाडौं/मस-**तोकिएको शर्तअनुसार काम नगरेपछि नेपाल विद्युत् प्राधिकरणले सिद्धकाली पावर लिमिटेडसँग गरिएको विद्युत् खरीद सम्झौता (पिपिए) खारेज गरिदिएको छ । वित्तीय व्यवस्थापन गर्न नसकेपछि प्राधिकरणले सोमबार उक्त कम्पनीसँग गरिएको सम्झौता खारेज गरेको हो। कम्पनीले धादिङ र नुवाकोटको सीमा नजिकै गल्छीमा कूल ७५ मेगावाट क्षमताको त्रिशुली गल्छी जलविद्युत् आयोजना निर्माण गर्न लागेको थियो ।

प्राधिकरण र प्रवर्द्धक कम्पनीबीच २०७३ जेठ २० गते विद्युत् खरीद सम्झौता भएको थियो । कम्पनीले २४ महिनाभित्र वित्तीय व्यवस्थापन गर्ने र निर्माणमा जाने गरी सम्झौता गरेको थियो । विद्युत् विकास विभागले सो आयोजनाको अनुमतिपत्र समेत यसअघि नै खारेज गरिदिएको छ । प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले तोकिएको समयमा वित्तीय व्यवस्थापन गर्न नसकेको र अनुमतिपत्रसमेत सिद्धकालीको हकमा नभएकाले प्राधिकरणले सम्झौता खारेज गरिदिएको बताए । उनले कानूनअनुसार नै अनुमतिपत्रसमेत नभएको र सम्झौताको शर्तअनुसार २४ महिनाभित्र वित्तीय व्यवस्थापन नगरेकाले सम्झौता खारेज भएको जानकारी दिए ।

सम्झौता भएको चार वर्षसम्म पनि लगानी जुटाउन नसकेपछि स्वत: कानूनअनुसार नै सम्झौता खारेज भएको प्राधिकरणको भनाइ छ । उता सिद्धकाली पावरका प्रतिनिधि सञ्जिव न्यौपानेले भने आफूहरूको सम्झौता कायमै रहेको बताए । 'हामीले क्षमता घटाएर आयोजना निर्माण गर्न लागिपरेका छौं । त्यसमा कुनै समस्या छैन', न्यौपानेले भने। प्रवर्द्धक कम्पनीले इन्जिनियरिङ, प्रोक्युरमेन्ट, कन्स्ट्रक्सन र फाइनान्स (इपिसिएफ) ढाँचामा चिनियाँ लगानीकर्ता भित्र्याएर आयोजना निर्माण गर्ने जनाएको थियो । एक चिनियाँ कम्पनीसँग पनि सो विषयमा सम्झौता भएको थियो । ती सबै सम्झौता कार्यान्वयन हुन नसकेको बताइन्छ । न्यौपानले क्षमता घटाएर आयोजना निर्माणको प्रक्रिया अगाडि बढाइएको गरेका छन् ।

# निर्धारित समयभित्र मध्यभोटेकोशी आयोजना सक्न कठिनाइ

काठमाडौं/ रासस- सिन्धुपाल्चोकमा निर्माणाधीन १०२ मेगावाट क्षमताको मध्यभोटेकोशी जलविद्युत् आयोजनाको काम पछिल्लो पटक तोकेको समयावधिभित्र सम्पन्न हुन कठिनाइ देखिएको छ। पटकपटक आग्रह गर्दा पनि आर्थिक सङ्कटका कारण चिनियाँ ठेकेदार कम्पनीले आवश्यक जनशक्ति जुटाउन नसकी पूर्ण क्षमतामा काम हुन नसकेपछि आगामी डिसेम्बरभित्र सम्पन्न हुन कठिनाइ देखिएको आयोजनाप्रमुख डा सुनिलकुमार लामाले बताए ।

चिलिमे जलविद्युत् आयोजनाको अगुवाइमा सन् २०१३ मा शुरु भई सन् २०१६ को डिसेम्बरमा सम्पन्न गर्ने लक्ष्य रहेको थियो तर भूकम्प र बाढीले गर्दा निर्धारित समयभन्दा चार वर्षपछि धकेलिएको छ । आयोजनाको कूल सात हजार ११८ मिटर सुरुङमध्ये हालसम्म ६ हजार ६१८ मिटर सकिएको छ। अब बाँकी टनेल १ को ५० मिटर एक महिना र टनेल २ को ४५० मिटर तीन महिनाभित्र सकिने आयोजनाले जनाएको छ।

हाल विद्युत् गृहको निर्माण कार्य भइरहेको छ भने हेडवर्क्सको काम आगामी बर्खाअगावै सम्पन्न गर्ने आयोजनाले लक्ष्य राखेको छ। आयोजनाको काममा ढिलाइ हुँदा दैनिक एक करोड रुपैयाँ घाटा व्यहोर्नु परेकाले ठेकेदार कम्पनीलाई अबको नौ महिनाभित्र जसरी हुन्छ काम सक्न दबाब दिइएको आयोजना प्रमुख डा लामाले बताए ।

चिनियाँ र नेपाली कामदारबाट काम भइरहेको उक्त आयोजनामा ठेकेदार कम्पनीले आवश्यकभन्दा आधा सङ्ख्याको जनशक्तिमात्र जुटाएको छ। रु १४ अर्ब ५० करोड लागतमा निर्माण भइरहेको आयोजनाको सीभील कार्य चिनियाँ ठेकेदार कम्पनी वाङसी हाइड्रो इलेक्ट्रिक कन्स्ट्रक्शन ब्यूरो र इलेक्ट्रिकको काम अष्ट्रिया एन्डिज हाइड्रोको भारतीय कम्पनीद्वारा भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणले माथिल्लो तामाकोशी आयोजनाका लागि ४०० केभीको प्रसारण लाइन बाह्रबिसेमा सबस्टेशन रहने गरी बाह्रबिसे-लप्सेफेदी प्रसारण लाइनको निर्माण कार्य भइरहेको छ ।

उक्त प्रसारण लाइनको काम समयमा पूरा हुन नसके त्यहाँ उत्पादित विद्युत् र ४५६ मेगावाटको माथिल्लो तामाकोशीबाट उत्पादित विद्युत् खेर जाने हुँदा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङले हालै स्थलगत निरीक्षण गरी चाँडै सक्न निर्देशन दिईसकेका छन् ।

# सरकारी कोषमा ग्लोबल आइएमईको १ करोड रुपैयाँ

**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंकले कोरोना भाइरस नियन्त्रणका लागि सरकारले स्थापना गरेको कोषमा एक करोड रुपैयाँ दिने घोषणा गरेको छ । सरकारले आइतबार कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष स्थापना गरेको थियो । उक्त कोषका लागि बैंकले उक्त रकम जम्मा गर्ने घोषणा गरेको हो ।

बैंकले कान्तिपुर पब्लिकेसनद्वारा स्थापित कान्तिपुर कोभिड १९ रोकथाम कोषमा १५ लाख रुपैयाँ दिने निर्णय समेत गरेको छ। बैंकले नेपाल र नेपाली उच्च जोखिममा रहेको अवस्थामा सरकारले स्थापना गरेको कोषमा सहयोग गरेको जनाएको छ। आइतबारनै नेपाल बैंकले कोषमा एक करोड रुपैयाँ दिने घोषणा गरेको छ ।

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुन आह्वान गरिएको व्होरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**बैङ्कको नाम:** राष्ट्रिय बाणिज्य बैङ्क
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.:** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपाल टेलिकममार्फत खुलेर कुरा गर्नुस्

**काठमाडौं/मस-**आफ्ना प्रियजनसँग मोबाइलमा दिल खोलेर कुरा गर्न मन छ, तर ब्यालेन्स सकिएर दिक्दार बन्नुभएको छ ? हालको विषम परिस्थितिमा त झन् धेरै कुरा गर्न मन लाग्छ होला । यो अवस्थामा नेपाल टेलिकमले उपलब्ध गराइरहेका अनलिमिटेड डे भ्वाइस प्याक र अनलिमिटेड नाइट भ्वाइस प्याक अफरहरु प्रयोग गर्न सकिन्छ। यी प्याक प्रयोग गर्दा पैसा सकिने चिन्ता नलिई जति पनि कुरा गर्न सकिन्छ । अनलिमिटेड डे भ्वाइस प्याक अन्तर्गत १५ रुपैयाँमा बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म जतिपनि कल गर्न सकिन्छ । यो भ्वाइस प्याक खरिद गर्नका लागि सिधै एक्ट्रिक १४१५ एस्ट्रिक ९ एस्ट्रिक २ ह्यास डायल गर्नु पर्दछ । यो प्याक लिनका लागि डीभीयुएनएल लेखेर १४१५ मा एसएमएस गर्न पनि सकिन्छ। यो प्याक एक पटक लिए पछि २४ घण्टाभित्र उपयोग गरिसक्नु पर्छ ।अनलिमिटेड नाइट भ्वाइस प्याक अन्तर्गत १२ रुपैयाँमा राती १० बजेदेखि बिहान ६ बजेसम्म असिमित कुराकानी गर्न सकिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिकको
अनलाइन संस्करण : तीव्र गतिका साथ नयाँ साज-सज्जामा
www.madhyanhadaily.com

मध्यान्ह राष्ट्रिय दैनिकको
facebook Page
Madhyanha News

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**